

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर

The Worker Daily दैनिक

❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक

नगाँचा, कमलविनायक, भक्तपुर

लक्ष्मण तचामो

मो.नं. ९८०३६८७३२३



वर्ष : २५ ★ अङ्क : ३३८ ★ ने. सं. ११४४ थिल्ला गा, प्रतिपदा ★ बुधबार ★ ११ पुस, २०८० ★ December 27, 2023, Wednesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## "कम्युनिस्ट पार्टीको सरकारले कामदारवर्गको सेवा गर्नुपर्छ"




कीर्तिपुर, १० पुस । "कम्युनिस्ट पार्टीको सरकारले कामदारवर्गको सेवा गर्छ; उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण गर्छ; योग्यताअनुसार काम र कामअनुसारको ज्याला देशभित्रै बन्दोबस्त गर्छ ।"

उक्त विचार नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले मङ्गलबार कीर्तिपुरमा आयोजित दसौँ नेपालभाषा साहित्य त:मुंज्या तथा सांस्कृतिक कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

उक्त सम्मेलनमा सचिव सुवालले पार्टीको नाउँ कम्युनिस्ट भए पनि कम्युनिस्टको सिद्धान्त र विचारअनुसार काम नगर्ने पार्टी पुँजीवादी पार्टी हुने विचार व्यक्त गर्दै उहाँले कम्युनिस्ट सरकारले शोषणको अन्त्य गर्ने बताउनुभयो ।

भ्रष्टाचारको नाउँमा सार्वजनिक संस्थान निजीकरण गर्ने या समर्थन गर्ने दल कम्युनिस्ट नहुने उल्लेख गर्दै उहाँले भन्नुभयो, "कम्युनिस्टले भ्रष्टाचारीहरूलाई जेलमा कोचेको हुन्छ । अत: भ्रष्टाचारीहरूले कम्युनिस्टको विरोध गर्छन् ।"

जनताका लेखक, कलाकार, साहित्यकारहरू जनतालाई शिक्षित गरी आमूल परिवर्तनको निम्ति अघि बढ्ने विश्वास व्यक्त गर्दै सांसद सुवालले भन्नुभयो, "इजरायली फासीवादले प्यालेस्टिनका लेखक, कवि, कलाकार, साहित्यकार, सङ्गीतकारलाई मार्दै छ, नेपालका लेखक, कवि, कलाकारले त्यसको विरोध गर्नु जरुरी छ ।"

सांसद सुवालले भन्नुभयो, "प्यालेस्टिनमा अस्पताल, स्कूल, कलेजको भवनमुनि हमासले सुरुङ बनायो भनेर इजरायली सरकारले बमबारी गर्नु जातीय नरसंहारकै सिलसिला हो । शत्रु अस्पतालभित्र पसे पनि बमबारी गर्न नपाउने अन्तर्राष्ट्रिय कानुनी व्यवस्था हो ।"

देशका प्रधानमन्त्री र मन्त्रीहरूसँग देश र जनताको सेवा गर्ने खाका नै नभएको स्पष्ट पार्दै सचिव सुवालले जनताले चुनावमा प्रम र मन्त्री बनेका पार्टीसँग पैसा र सामान लिने होइन, भोज खाने होइन, देश विकासको खाका सोध्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पटक पटक सिंहदरबारमा गएर देश र जनतालाई दु:ख दिने सत्तासीन दललाई जनताले विश्वास गर्न नहुने उल्लेख गर्दै उहाँले नेपालका नदीनाला र बिजुली भारतलाई दिएर सिंहदरबार कब्जा गर्ने दललाई नेपाली जनताले उदाङ्ग्याउनुपर्छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "नेपालको ऋण २३ खर्बभन्दा बढी पुर्‍याउने र वर्षको ३ खर्बभन्दा बढी ब्याज तिर्नुपर्ने स्थिति ल्याएको सरकारलाई अब जनताले विश्वास गर्नु हुँदैन ।"

नेमकिपाका केन्द्रीय सदस्य एवं भनपाका प्रमुख सुनिल प्रजापतिले संविधानले समाजवादउन्मुख राज्यको कल्पना गरे पनि शासक दलहरूले पुँजीवादी विचारअनुसार काम गरिरहेको बताउनुभयो ।

शिक्षा र स्वास्थ्योपचार निजी क्षेत्रलाई जिम्मेवारी दिँदा सामुदादिक क्षेत्र कमजोर हुँदै गएको उल्लेख गर्दै उहाँले शिक्षा र स्वास्थ्य व्यापारीकरण भएकोले विद्यार्थीहरू विदेश पलायन भइरहेको बताउनुभयो ।

रोजगारीको अभावमा वर्षको लाखौँ युवाहरू विदेसिनुमा शासक दलहरूले कलकारखाना निजीकरण गर्दाको परिणाम भएको चर्चा गर्दै उहाँले भन्नुभयो, "कृषिप्रधान देशमा कृषिजन्य वस्तु वर्षको खर्बौं रुपैयाँको आयात गर्ने परिस्थिति आउनु सरकारमा जाने दलहरूको असफलता हो ।"

उहाँले भन्नुभयो, "हाम्रो भाषा र संस्कृति हाम्रो पहिचान हो; यसको संरक्षण गर्नुपर्छ ।"

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले साहित्यले बहुमत जनताको सेवा गर्नुपर्ने चर्चा गर्दै जनताका साहित्यकारहरूले देशको समसामयिक विषयमा कथा, कविता लेखेर जनतालाई सुसूचित पार्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

स्थानीय ज्येष्ठ नागरिक एवम् समाजसेवी बेखालाल महर्जनले उद्घाटन गर्नुभएको सो सम्मेलनमा प्रा.डा. धर्मराज डंगोल, प्रा.डा. रामकृष्ण महर्जन, प्रा.डा. चन्द्रमान महर्जन, सम्पदाविद् कर्ण महर्जन, लोककवि राजभाइ नकर्मी, मानव अधिकारवादी बाबुराम महर्जनलगायतले बोल्नुभएको थियो ।

आयोजक समितिका अध्यक्ष श्रीकृष्ण महर्जनको सभापतित्वमा भएको सो कार्यक्रममा सचिव नारायण महर्जनले सम्मेलनको महत्त्वबारे चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा अतिथि सुवालले सांस्कृतिक गुरुहरूलाई सम्मान गर्नुभएको थियो ।

साहित्य सम्मेलनमा कवितामा रमेशमान महर्जन प्रथम, सुवर्ण महर्जन द्वितीय, सुवर्णलक्ष्मी महर्जन तृतीय र रामचन्द्र महर्जन सान्त्वनामा पर्नुभएको थियो ।

त्यस्तै कथामा रामेश्वर जलन सान्त्वनामा पर्नुभएको थियो ।

कार्यक्रम नेपालभाषा साहित्य त:मुज्या कीर्तिपुरको आयोजनामा नगाउँमा भएको थियो ।

साहित्य सम्मेलनपछि सांस्कृतिक कार्यक्रम भएको थियो ।

## प्रचण्डको सरकार
## सर्वत्र निराशा र असन्तोष

काठमाडौँ, १० पुस । सत्तारुढ गठबन्धन दलका नेताहरू सन्तुष्ट नभए पनि माओवादी केन्द्रको नेतृत्वमा बनेको सरकारको कार्यकाल एक वर्ष पूरा भयो । एमालेलाई विश्वासघात गरेर नेकाको गठबन्धनमा रहेको माओवादीको नेतृत्वमा बनेको सरकार देशघाती र जनविरोधी कदमको कारण अलोकप्रिय देखियो । विकासको गति मन्द भयो । सरकार सक्रिय देखिएन । सत्तारुढ दल नेकाका महामन्त्री विश्वप्रकाश शर्माले सरकारले जनतामा सकारात्मक सन्देश दिन जनताको सेवा र सुविधामा प्राथमिकता दिनुपर्ने हो तर, त्यसमा चुकेको राय दिए । सत्तारुढ दलका एकीकृत समाजवादीका नेता जगन्नाथ खतिवडाले सरकारले सही प्रयोग गरेर गति लिन नसकेको बताए । उनका अनुसार देशमा संस्थागत भ्रष्टाचार मौलायो, निर्यातमुखी अर्थतन्त्र बनाउन सकिएन; भ्रष्टाचारमा संलग्न व्यक्तिलाई उन्मुक्ति दिएर कुशासन निम्त्यायो । अर्थविद् रघुवीर विष्टले भने, लगानीको वातावरण बिग्रेको छ; नयाँ रोजगारी सिर्जना हुन सकेन, देशप्रति युवाहरूको आशय मरेको छ । पूर्वराजदूत टङ्क कार्कीले राज्य प्रणालीमै समस्या भएको बताए । संरचनामा परिवर्तन गर्नेतर्फ सरकारको ध्यान नगएको उनको भनाइ हो ।

सरकारको कार्यशैलीप्रति सत्तारुढ दलका नेताहरूमात्र होइन उद्योगी व्यवसायीहरू पनि सन्तुष्ट छैनन् । मिटरब्याज पीडित सबैको समस्या समाधान भएको छैन । उखु किसानहरू उखुको मूल्य नपाएको र उखु समयमै नकिनेकोमा असन्तुष्ट छन् र आन्दोलित छन् । शिक्षकहरू सरकारले प्रस्तावको रूपमा ल्याएको माध्यमिक शिक्षक विधेयकको विरोधमा छन् । किसानहरू रासायनिक मल नपाएर हैरान छन् । देशका उद्योग कारखाना बन्द भएर मजदुरहरू बेरोजगार छन् । युवाहरू स्वदेशमै काम नपाएर हरेक दिन विदेसिरहेका छन् । नेपालका कलेज बन्द भएर र विश्वविद्यालयको स्थिति नाजुक देखेर अध्ययन गर्न विद्यार्थीहरू विदेश पसिरहेका छन् । वैज्ञानिकहरूले खासै ठाउँ पाएका छैनन् । उद्योगी, व्यवसायीहरूको आ-आफ्नो उद्योगधन्दा नचलेर मर्कामा परेका छन् । सर्वसाधारण जनता महँगीका कारण समस्यामा छन् । सत्तारुढ र ठुला दलका नेता, मन्त्री, सांसद, जनप्रतिनिधि र कार्यकर्ताहरू भ्रष्टाचार र अनियमिततामा फसेका छन् । कारबाहीमा पर्नुपर्ने या सजायभागी हुनुपर्ने भ्रष्टाचारी र अपराधीहरूले उन्मुक्ति पाएका छन् । यसैले होला, पुस ९ गतेको अन्नपूर्ण दैनिकीमा लेखियो, 'सरकारको एक वर्ष : जताततै अस्तव्यस्त ।'

ललिता निवास, नक्कली भुटानी शरणार्थी, सुनकाण्डजस्ता प्रकरणमा मुछिएका अपराधी या दोषीहरू छिट्टै नै


*बाँकी पृष्ठ २ मा*


## माओको १३० औँ जन्म दिवस



सुर्खेत, १० पुस । नेपाल क्रान्तिकारी किसान सङ्घ सुर्खेतको आयोजनामा माओ त्सेतुङको १३० औँ जन्म दिवस मनाइयो ।

आयोजक समितिका अध्यक्ष पुष्पराज रानाको सभापतित्वमा भएको कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नर्मा गुरुङले चीनमा चिनियाँ क्रान्ति सम्पन्न गर्न माओले गाउँ गाउँ र बस्ती बस्ती पुगेर किसानहरूबिच सङ्गठन विस्तार गर्दै जनसेनाको निर्माण गर्नुभएको बताउनुभयो । गरिब, मजदुर, किसान र शोषित पीडित चिनियाँ जनताको हितमा माओले क्रान्ति अगाडि बढाउनुभएको स्मरण गर्दै उहाँले माओको सङ्घर्षमय जीवनीबारे बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी सुर्खेतका अध्यक्ष हरिबहादुर बोहोराले माओले झैँ हामीले पनि सङ्घर्ष गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा सुर्खेतका सदस्य चेतन पौड्याल, नेमकिपा वीरेन्द्रनगर नगर समितिका अध्यक्ष शेरबहादुर शाही, नेक्रायुसङ्घ केन्द्रीय समितिका उपाध्यक्ष लालबहादुर थापा, नेपाल क्रान्तिकारी महिला सङ्घ सुर्खेतका अध्यक्ष तुल्सी खड्का, देवीराम सिजापती, गंगनाथ योगीलगायतले बोल्नुभएको थियो ।

## समस्याग्रस्त सहकारीलाई चैत मसान्तभित्र बचत फिर्ताको कार्ययोजना पेस गर्न निर्देशन

**–नारायण न्यौपाने**

काठमाडौँ, १० पुस । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासको व्यवस्थापनका लागि राष्ट्रिय भूमि आयोग गठन भई स्थानीय तहसँगको समन्वयमा ७७ वटै जिल्लामा काम जारी छ ।

जिल्लास्थित राष्ट्रिय भूमि आयोग कार्यालयले जग्गा पहिचान, लगत सङ्कलन, नापनक्सा र प्रमाणपत्र वितरणसम्मका कामलाई निरन्तरता दिएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहायक प्रवक्ता दामोदर वाग्लेले राससलाई जानकारी दिनुभयो । सोही क्रममा अव्यवस्थित ढङ्गले बसोबास गरेका परिवारलाई चार हजार तीन सय ७० थान जग्गाधनी प्रमाणपत्र वितरण गरिएको छ । भूमिहिन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरणका लागि ४१ हजार हेक्टर जग्गा नाप नक्साङ्कन भएको र अव्यवस्थित बसोबासीबाट रु. ७८ करोड राजस्व सङ्कलन भएको छ ।

भूमि आयोग र स्थानीय तहबिच हालसम्म सात सय २२ कार्यसम्पादन सम्झौता भएका, सात सय १२ सार्वजनिक सूचना प्रकाशित गरिएका तथा नौ लाख ८० हजार नौ सय २९ लगत सङ्कलन गरिएको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अनुसार अव्यवस्थित बसोबासीलाई भूमि आयोगबाट जग्गा उपलब्ध गराउँदा हालको शुल्कमा ५० प्रतिशत कम हुने व्यवस्था मिलाइएको छभने भूमि आयोगबाट जग्गा उपलब्ध गराउने सम्बन्धमा वन ऐन, २०४६ संशोधन प्रक्रिया अघि बढाइएको छ । सेवाग्राहीले घरैबाट वा नजिकको भू-सेवा केन्द्रबाट जग्गासम्बन्धी कारोबार गर्न सक्ने प्रविधि 'पब्लिक एक्सेस मोडल' (प्लाम)बाट ९० वटा मालपोत कार्यालय भू-सेवा प्रणाली सञ्चालन भएका छन् ।

मुलुकका ७७ जिल्लाका एक सय ३५ मालपोत र नापी कार्यालयबाट प्रवाह गरिने सेवालाई सहज, सरल र व्यवस्थित बनाउने प्रयास जारी रहेको सहायक प्रवक्ता वाग्लेले बताउनुभयो । प्रविधि प्रयोगका माध्यमबाट जनगुनासो कम गर्ने र सेवा सहज तुल्याउने, सेवामैत्री कार्यालयमा परिणत भइरहेको छ । नापीमा आधुनिक प्रविधिको प्रयोग भई विश्वसनीय भूमि लगत तयार हुने तथा पाम प्रणालीको प्रयोगले जग्गा पासको काम सहज हुने जनाइएको छ ।

विकास निर्माणकार्यका लागि हवाई सर्वेक्षणमार्फत गरिने 'लाइडार सर्भे'लगायत कार्यमा एकरूपता कायम गर्न हवाई सर्वेक्षण अनुमति कार्यविधि स्वीकृत भएको छ । दुर्गम जिल्लाका सेवाग्राहीले नापी कार्यालयमा उपस्थित नभई सम्बन्धित स्थानीय तहमार्फत नक्सा सेवा प्राप्त गर्ने कानुनी व्यवस्था मिलाइएको छ । मालपोत कार्यालयबाट हुने जग्गाको कारोबारबाट सङ्कलित राजस्व मासिकरूपमा वेबसाइटमा सार्वजनिक हुने व्यवस्था मिलाइएको छ ।

त्यसैगरी भूउपयोग नियमावली, २०८० स्वीकृत भएपछि भूउपयोग क्षेत्र वर्गीकरण, आवासीय जग्गा कित्ताकाट, कृषियोग्य भूमि संरक्षण तथा मूल्याङ्कन थप व्यवस्थित हुने अपेक्षा गरिएको छ । नयाँ प्रविधिबाट एकीकृतरूपमा जग्गाको नापनक्साको कार्य पनि तीव्ररूपमा अघि बढिरहेको छ । आन्तरिक नियन्त्रण व्यवस्थापन निर्देशिका, २०७९ स्वीकृत भएपछि कार्यसम्पादनमा प्रभावकारिता एवं वित्तीय अनुशासनमा सुधार हुने विश्वास गरिएको छ । मन्त्रालयले नापनक्सा सम्बन्धमा नापी विभागबाट एक सय ४१ स्थानीय तहलाई प्राविधिक जनशक्ति सहयोग उपलब्ध गराएको छ । ती कार्यालयबाट प्रविधिमा


*बाँकी पृष्ठ ८ मा*



**कीर्तिपुरमा नेपालभाषा साहित्य त:मुंज्या**
नेपालभाषा साहित्य त:मुंज्या कीर्तिपुरको आयोजनामा मङ्गलबार भएको दसौं नेपालभाषा साहित्य त:मुंज्या तथा सांस्कृतिक कार्यक्रममा सहभागी जनसमुदाय ।
*तस्विर: मजदुर दैनिक*

# भूकम्पपीडितका ११ हजार अस्थायी आवास निर्माण

काठमाडौँ १० पुस । जाजरकोट भूकम्पका ६७ हजार बढी लाभग्राहीमध्ये आजसम्म ११ हजार तीन सय ३६ घर ( अस्थायी आवास) निर्माण सम्पन्न भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राप्त विवरणअनुसार अन्य १० हजार एक सय १८ घर निर्माणाधीन छन् ।

अहिले अस्थायी आवासका लागि अनुदानबापतको रकम सम्झौता गरी बुझ्ने र घर निर्माण जारी रहेको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार जाजरकोटमा पाँच हजार दुई सय दुई, रुकुमपश्चिममा पाँच हजार सात सय ९८, सल्यानमा एक सय ९३, बझाङमा १३ र बाजुरामा एक सय ३० घर निर्माण सम्पन्न भइसकेका छन् ।

पोखरेलले आजसम्म केन्द्रबाट अस्थायी आवासका लागि रू. दुई अर्ब २६ करोड रकम जिल्ला विपद् व्यवस्थापन समितिमा पठाइसकिएको जानकारी दिनुभयो । त्यसमध्ये रू. एक अर्ब ५३ करोड जिल्लाबाट स्थानीय तहमा पुगिसकेको छ । स्थानीय तहबाट प्रक्रिया पुगेका लाभग्राहीको खातामा भने रू. ५८ करोड ७८ लाख रकम पठाइसकिएको उहाँले बताउनुभयो ।

अहिलेसम्म जाजरकोटमा ३५ हजार एक सय ४०, रुकुमपश्चिममा २३ हजार छ सय आठ, सल्यानमा एक हजार सात सय ३०, बझाङमा चार हजार पाँच सय ७६ र बाजुरामा दुई हजार सात सय २९ गरी कुल ६७ हजार सात सय ८३ लाभग्राही कायम भएका छन् ।

अझै झण्डै ५० हजार लाभग्राहीसँग अनुदान सम्झौता हुन बाँकी रहेकाले त्यो काम जारी रहेको प्राधिकरणका नीति तथा योजना महाशाखा प्रमुख भरतमणि पाण्डेले बताउनुभयो ।

८० हजार लाभग्राहीको अस्थायी आवासका लागि रू. चार अर्ब ७५ करोड लाग्ने भएकोले सोहीअनुसार बजेट व्यवस्थापनको तयारीमा प्राधिकरण लागेको छ ।

जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गत कार्तिक १७ गते छ दशमलव चार म्याग्निच्युडको भूकम्प गएको थियो । उक्त भूकम्पले जाजरकोटसहित रुकुमपश्चिम, सल्यान, बझाङ, बाजुरामा क्षति पुऱ्याएको थियो ।

# पूर्णिमाको दिन य:मरी पुन्हि

भक्तपुर, १० पुस । मार्गशीर्ष शुक्ल पूर्णिमाका दिन मङ्गलबार नयाँ धान भित्र्याएको खुसीयालीमा नेवार समुदायले य:मरी पूर्णिमा अर्थात् य:मरी पुन्हि मनायो । 'य:' को अर्थ नेपालभाषामा मनपर्ने, 'मरी' भनेको रोटी र पुन्हिको अर्थ पूर्णिमा हो । धान्यपूर्णिमा पर्व मनाउने प्रचलन युगौंदेखि जारी छ । नेवार समुदायले ठूलो चाडको रूपमा मनाउने गर्छन् । यस पर्वमा खाद्य पदार्थको रसिलो चाडका साथै नयाँ धानबाट बनेको चामलको पिठोमा चाकु, खुवा र तिल राखेर मिठो य:मरी बनाउने गरिन्छ ।

य:मरी बनाउन मङ्गलबार बिहानदेखि घरघरका महिला व्यस्त भएका छन् । बिहान स्नानपछि घरमा लिपपोत गरी य:मरी पकाउने प्रचलन छ । यो पर्वलाई नेवार समुदायले नव अन्नप्राशनको रूपमा मनाउने गरेको संस्कृतिविद् तेजेश्वरबाबु ग्वंग बताउनुहुन्छ ।

मङ्गलबारको दिन धान, गणेश, कुलदेवता, गैडुदेवता, गोठदेवता, महारुद्र, महालक्ष्मीलगायत देवताको पनि पूजा गरी नयाँ भित्रिएको धान कुटेर चामल बनाउने त्यसबाट पिठो पिँधेर सेल, बाबर, पुरी मालपुवा बनाएर चढाउने परम्परा छ ।

य:मरी पर्व विशेषगरी अन्नको राजा धानसँग सम्बन्धित रहेको संस्कृतकर्मी रामेश्वर बज्राचार्य बताउनुहुन्छ । य:मरी पुन्हि सुरु हुनुअघि घर-घरमा भित्र्याइएको धानलाई पाँच-६ दिन छोपेर राखी, घाममा सुकाएर पूजा गरेपछि मात्र भकारीमा राखिन्छ । नयाँ धान वर्षभरिका लागि पुगोस् भनेर नेवार समुदायमा धानलाई पूजा गर्ने प्रचलन छ । मङ्गलबारको दिन धान राखिएको भकारी, ढुकुटी, घ्याम्पोलगायतका भाँडामा नयाँ चामलको पिठोबाट य:मरी बनाएर पाथीभरि य:मरी राखेर धानलाई अन्नपूर्ण देवताका रूपमा पूजा गर्ने परम्परा रहेको उहाँ बताउनुहुन्छ ।

य:मरी पुन्हिका दिन गृहिणीहरू शुद्ध भएर चामलको पिठो मुछेर रोटीको माथिल्लो भाग गजुरजस्तै चुच्चो बनाई तल्लो भागको गर्भमा चाकु, तिल, मास, गुदपाक, खुवा राखी त्रिकोण आकारमा बनाई पानीको बाफमा पकाउने गरिन्छ ।

परम्पराअनुसार य:मरी पकाएको चार दिन, छ दिन र बाह्र दिनसम्म धानको भकारीमा य:मरी पूजा गर्ने र छोरीचेली तथा आफन्तलाई बोलाएर भोज खुवाउने प्रचलन छ । य:मरीलाई कुबेर र गणेशका प्रतीकका रूपमा लिइने उहाँ बताउनुहुन्छ ।

तिहारमा देउसीभैलो खेलेझैँ धान्यपूर्णिमाका दिन साँझ टोलटोलका घरघरमा गएर युवायुवतीले गीत गाउँदै य:मरी तथा धान, चामल, दामलगायत माग्ने त्य:छिं त्य: बकछिं त्य: खेल्ने मल्लकालीन प्रचलन लोपोन्मुख अवस्थामा पुगेको छ । मङ्गलबारको दिन साँझ घरघरमा गएर देउसीभैलो खेलेजस्तै गरी य:मरी माग्ने प्रचलन अहिले लोपोन्मुख अवस्थामा पुगेको छ ।

नेवार समुदायमा दान गरेर चाडपर्व मनाउने परम्परा अझै छ । आफ्नासँग नभए अरुसँग मागेर भए पनि खानुपर्छ भन्ने मान्यताअनुसार नै य:मरी टोलका सबैले बाँडेर खानुपर्छ भन्ने मान्यता रहेको संस्कृतकर्मी बज्राचार्य बताउनुहुन्छ ।

य:मरी पूर्णिमाको दिन मङ्गलबार यहाँका नेवार समुदायले समय सूचक चाड एवं दान पर्वको रूपमा य:मरी पुन्हि मनाउने गर्छन् । धार्मिक विश्वासअनुसार आजको दिनदेखि दिन लामो र रात छोटो हुँदै जाने भएकोले यो पर्वलाई समय सूचकको रूपमा लिने गरिन्छ ।

किंवदन्तीअनुसार पाञ्चाल देश (हालको पनौती) मा सुचन्द्र नाम गरेका दानी र धर्मात्मा महर्जन बस्थे । उनका दम्पती भगवान् विष्णुका परमभक्त थिए । उनीहरूको दयालु स्वभावको जाँच गर्न एक दिन धनपति कुवेर गरिब ब्राह्मणको वेशमा भिक्षा माग्न सुचन्द्रका घरमा पुगेका थिए । सुचन्द्रका श्रीमतीले ब्राह्मणरूपी कुवेरलाई श्रद्धापूर्वक आफूले तयार पारी राखेको य:मरी खुवाएका थिए । उहाँको सत्कारदेखि प्रशन्न भई कुबेरले आफ्नो असली रूप देखाई य:मरीको गुण र धानको भकारीमा श्रीगणेश, कुबेर, लक्ष्मीको पूजा गरी य:मरी चढाउने विधि बताएर गए । सोहीअनुरूप सुचन्द्र दम्पतीले य:मरी धानको भकारीमा चढाएर चार दिनपछि प्रसादका रूपमा बाँडेर खाएकाले उनीहरूको धनसम्पत्ति वृद्धि भयो र य:मरी खाएका कारण शरीरसमेत हृष्टपुस्ट हुन थाल्यो । त्यही बेलादेखि नेवार समुदायमा य:मरी पूर्णिमा मनाउने संस्कृति विकास भएको मानिन्छ । **रासस**

# भिन्तुना बचतमा १५ दिने हस्तलेखन तालिम सुरु

भक्तपुर, १० पुस । भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि. शिक्षा उपसमितिको आयोजनामा पुस १० गतेदेखि १५ दिने हस्तलेखन तालिम सुरु भएको छ ।

तालिमको उद्घाटन कार्यक्रममा संस्थाका अध्यक्ष कृष्णगोविन्द सुवालले संस्थाले विभिन्न सदस्यहरूको व्यक्तित्व, नेतृत्वसम्बन्धी विकास हुने कार्यक्रमहरू गर्दै आएको जानकारी गराउनुभयो । तालिमबाट सिकेको ज्ञान व्यवहारमा लागु गर्दै जानसकेमा तालिमको औचित्यता पूरा हुने विश्वास उहाँले लिनुभयो ।

तालिमका प्रशिक्षक सुरज दिदीयाले तालिमलाई नियमित गर्न सके बालबालिकाहरूको सीप र चित्र बनाउने कलासमेत विकास हुने बताउनुभयो ।

संस्थाका सचिव एवं शिक्षा उपसमितिका संयोजक कृष्णप्रसाद सुवालको सभापतित्वमा भएको उक्त तालिमको उद्घाटन कार्यक्रममा समितिका सदस्य सुनिता घटुवाले तालिमको औचित्यताबारे प्रकाश पार्नुभएको थियो ।

# चिसो छल्न बेँसी झर्दै भेडाका बथान

लमजुङ, १० पुस । चिसो बढ्न थालेसँगै चैत/वैशाखको गर्मीमा लेक पुगेका दर्जनौं भेडीगोठका भेडाबाखा चिसो छल्न पुन: बेँसी झरेका छन् । गोठालाले चरण क्षेत्रका लागि लेक तथा उच्च हिमाली भेगमा पुऱ्याएका भेडाका बथान यतिबेला बेँसी आइपुगेका हुन् ।

जिल्लामा साना ठूला गरेर तीन सयभन्दा बढी घुम्ती भेडीगोठ रहेको भन्दै ती भेडीगोठका भेडा लेकबाट बेँसी आइपुगेको भेटिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लमजुङका निमित्त कार्यालय प्रमुख डा. सुनिल न्यौपानेले बताउनुभयो । उहाँका अनुसार सिउरुङ, घलेगाउँ, भुजुङ, पसगाउँ, सिङ्दी, घनपोखरा, इलमपोखरी, दूधपोखरी, पाचोक, बन्सार, फलेनी, ढोडेनी, ताघ्रिङ, भुलभुलेलगायत ग्रामीण क्षेत्रमा भेडीगोठ छन् ।

ती भेडीगोठका बथान यतिबेला बेँसीका खेत तथा गऱ्हामा रहेका छन् । घलेगाउँको भेडीगोठ लेकबाट झरेर गाउँमै आइपुगेको स्थानीय दीर्घराज घलेले बताउनुभयो । उहाँले घलेगाउँमा दुई भेडीगोठ रहेको जनाउँदै दुईवटै गाउँमा आइपुगेका जानकारी दिनुभयो । उहाँका अनुसार दुई भेडीगोठमा एक हजार बढी भेडाबाखाका बथान रहेका छन् ।

हिमालको काखमै रहेको ठूले लेकमा पुगेर फर्किएको र अब गर्मीयाम सुरु भएपछि मात्र उक्त स्थानतर्फ पुन: भेडीगोठ लैजाने भेडीगोठाला कमल अधिकारीले बताउनुभयो । बेँसीमा झारिएका भेडाबाखाका बथानको मल यहाँका खेतबारीमा प्रयोग हुने उहाँको भनाइ थियो ।

त्यस्तै कास्कीको सिमानाडाँडा तिङ्जेमा रहेको पसगाउँको भेडीगोठ यतिबेला केही क्युबे-ल्हेदे हुँदै भेडीगोठ पस गाउँमै आइपुगेको छ । जिल्लाको उत्तरी ताघ्रिङका भेडीगोठ यसअघि थुर्जुलेक पुगेकामा अहिले ठूलागी हुँदै गाउँसम्मै आइपुगको बताइएको छ । विशेष गरी गुरुङ समुदायको पूर्खौली चलन तथा पेसाका रूपमा भेडीगोठलाई लिइन्छ ।

भेडीगोठ बर्सेनि ६ महिना लेक र ६ महिना बेँसीमा राख्ने गर्दछन् । लमजुङका भेडीगोठ लमजुङ, मनाङ र कास्कीको सिमाना दूधपोखरी नजिकै थुर्जु तथा लमजुङ हिमालको काख लगायतका ठाउँसम्म पुग्ने गरेको भेडी गोठालाको भनाइ थियो । पसगाउँको भेडीगोठ लमजुङ र कास्कीको सिमानाडाँडा तिङ्जेमा पुग्ने गर्दछन् ।

उत्तरी लमजुङको ताघ्रिङका बासिन्दाको भेडीगोठ लके थुर्जु पुग्ने गरेका छन् । बेँसीमा रहेको बेलामा भेडीगोठबाट निस्किएको मल खेतबारीमा प्रयोग गर्ने गर्दछ भने, भेडाको ऊन निकालेर विभिन्न राडीपाखी, बख्खुलगायत सामग्री बनाउने गरिन्छ । जिल्लाभर २३ हजार भेडाबाखा रहेका भेटिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ । वार्षिक १० हजार केजी ऊन निस्कने र ऊनको प्रतिकेजी रु. तीन सय मूल्य पर्ने गर्दछ ।

वार्षिक एक सय ६० मेट्रिक टन भेडाको मासु उत्पादन हुने केन्द्रका प्रमुख डा. न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार मासु बिक्रीबाट रु. आठ करोड आम्दानी हुने गरेको छ । वार्षिक घुम्ती भेडीगोठमा रहेका बाखाको मासु एक सय २० मेट्रिक टन तथा घुम्ती र घरमा पालिएका बाखा गरी वार्षिक एक हजार दुई सय मेट्रिक टन मासु उत्पादन हुँदा रु. ६० करोड आम्दानी हुँदै आएको उहाँले जानकारी दिनुभयो ।

जिल्लामा यतिका सङ्ख्यामा आम्दानी हुँदै आए तापनि पछिल्लो पुस्ताको बेवास्ता हुँदा परम्परागत रूपमा रहेको भेडीगोठ नै लोपहुने अवस्थामा पुग्न थालेको छ । जिल्लामा रहेको अधिकांश गुरुङ बस्तीका समुदायमा अझै पनि भेडाको ऊनबाट विभिन्न सामग्री बनाएर बिक्री वितरण गर्ने तथा प्रयोग गर्ने प्रचलन कायम छ । **रासस**

# जुम्लाको हवाई सेवाको टिकट व्यवस्थित गरिँदै

जुम्ला, १० पुस । हिमाली जिल्ला जुम्लामा हवाई सेवाका लागि टिकट व्यवस्थित गरिने भएको छ । स्थानीय प्रशासनको आयोजनामा जनप्रतिनिधि, एयरलाइन्सका प्रतिनिधि, नागरिक समाज, मानव अधिकार आयोग र पत्रकार सहभागी बैठकमा विमानस्थलमा हरेक वायुसेवा कम्पनीले यात्रुको नाम लेखेर पारदर्शिता गराउनुपर्ने र भोलिपल्टको उडानको टिकट अघिल्लै दिन वितरण गर्नुपर्ने निर्णय भएको नेपाल नागरिक उड्डयन प्राधिकरण कार्यालयका प्रमुख सन्तोष अधिकारीले जानकारी दिनुभयो ।

वायुसेवा कम्पनीले दश सिट बिरामी, अशक्त, सुरक्षाकर्मी र अन्य आकस्मिक काम परेका व्यक्तिका लागि सिट सुरक्षित गर्ने भएको छ । सीता एयरलाइन्सको हकमा भने सात सिट सर्वसाधारणका लागि एक दिन अगावै वितरण हुने प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले बताउनुभयो । सर्वसाधारण नागरिक र आन्तरिक पर्यटकका लागिसमेत टिकट पाउन अब सहज हुने विश्वास गरिएको प्रजिअ घिमिरेको भनाइ थियो ।

नागरिक समाजका अध्यक्ष राजबहादुर महतले कुनै पनि हालतमा विमानस्थलको द्वारबाहिर कार्यालय खोल्नुपर्ने र टिकट वितरणमा पारदर्शिता हुनुपर्ने बताउनुभयो । हवाई उडान क्षेत्रको टिकट सर्वसाधारणको पहुँचसम्म पुग्नुपर्ने आवश्यकताको विषय हो । पहिलो चरणमा जुम्लामा हुने उडानमा टिकट प्रणाली व्यवस्थापन गरी कार्यान्वयमा ल्याउनुपर्ने जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यको भनाइ थियो ।

लामो समयदेखि जहाजको टिकट वितरण सहज नहुँदा यहाँका नागरिकले सास्ती खेपिरहेको स्थानीय पत्रकार पूर्णप्रसाद चौलागाईले बताउनुभयो । नेपालगञ्जदेखि जुम्लासम्म हप्ताको एकपटक नेपाल वायुसेवाको एयरलाइन्स र नियमित रूपमा समिट एयरले उडान गर्दै आएका छन् । सीता र तारा एयरले समेत जुम्लाका लागि उडान भर्दै आएका छन् । **रासस**

**प्रचण्डको...**

कारबाहीमा पर्ने विश्वास जनतामा थियो । तर, घटनाक्रमसँगै उक्त मुद्दा कसैको दबाब या गठबन्धन सरकारमा असर पर्ला भनेर अपराधीहरू जोगाउने धन्दामा लागेको खबर प्रकाशमा आयो । अर्थतन्त्र कमजोर देखियो । आयातभन्दा निर्यात बढेर देशको रकम विदेश गयो । समाजवादउन्मुख संविधान संविधानमा सीमित रह्यो ।

माध्यमिक शिक्षा नि:शुल्कको व्यवस्था पनि संविधानको पानामा सीमित रह्यो । कति क्याम्पसहरू चलेका छैनन् । विश्वविद्यालयको स्थिति नाजुक छ । मेलम्ची खानेपानी योजना पनि सञ्चालनमा आएको छैन । नेपालको वायुसेवा निगम युरोपली युनियनको कालोसूचीमा छ । नेपाल भ्रष्टाचारमा बदनाम छ । ट्रान्सपरेन्सी इटरनेसनलको रिपोर्टमा नेपाल धेरै भ्रष्टाचार भएको देशमा परेको छ । अनि वर्तमान सरकारलाई केको आधारमा सफल मान्ने !

# एक करोड ३९ लाख निजी खर्चमा विद्यालय निर्माण

टक्सार (भोजपुर), १० पुस । लाहुरमा कमाएको धेरै रकम खर्चेर यहाँका समाजसेवी कृष्णबहादुर राईले जिल्लाको पूर्वी पौवादुङमा गाउँपालिकामा विद्यालयमा भवन निर्माण गरिदिनुभएको छ ।

पौवादुङमा गाउँपालिका–२ थर्पूमा रहेको शीतलदेवी आधारभूत विद्यालयका लागि रु. एक करोड ३९ लाखको लगानीमा राईले भवन निर्माण गरिदिनुभएको हो । विद्यालयको नयाँ छकोठे भवन निर्माण गरी सोमबार हस्तान्तरण गर्नुभएको छ ।

पूर्वब्रिटिश आर्मी राईले विद्यालयको भौतिक संरचना जीर्ण देखेकाले आफ्नै खर्चमा केही गरौँ भन्ने भावनाका साथ विद्यालय निर्माण गरेको बताउनुभयो । राईले भन्नुभयो, "मैले स्वास्थ्य संस्था बनाउने विचार गरेको थिएँ तर स्वास्थ्य चौकी बनिसकेको रहेछ, त्यसपछि विद्यालय भवन जीर्ण देखेपछि शैक्षिक गुणस्तरमा समेत टेवा पुग्ने देखेर भवन निर्माण गरेको हुँ ।" सत्तरी वर्षका राईले विद्यालय भवनमात्र नभई विद्यार्थी खेल्ने ठाउँसमेत बनाइदिनुभएको छ । गाउँपालिकाका अध्यक्ष किरण राईले आफू जन्मेहुर्केको ठाउँमा कृष्णबहादुरले गर्नुभएको काम प्रशंसनीय भएको बताउनुभयो । अध्यक्ष राईले भन्नुभयो, "गाउँको विकास गर्नुपर्छ भन्ने भावनाका साथ कृष्णबहादुरले विद्यालयका लागि पक्की भवन बनाएर कीर्ति कायम गर्नुभएको छ ।"

नवनिर्मित छकोठे पक्की भवन र विद्यालयको खेलमैदानमा नै खेल्ने सामग्री पाउँदा विद्यार्थीसमेत दङ्ग छन् । बसाइँसराइ, जन्मान्तरलगायतका कारण हरेक वर्ष विद्यार्थी घट्दै गएको अवस्थामा गुणस्तरीय शिक्षाका लागि बनेको भवनले मद्दत पुग्ने विद्यालयका प्रधानाध्यापक चन्द्र बोगटीले बताउनुभयो । नवनिर्मित भवनको पञ्चकन्यासहित निर्माणकर्ता कृष्णबहादुर र गाउँपालिकाका अध्यक्ष राईले सोमबार नै उद्घाटन गर्नुभयो । **(रासस)**



चितवनको सौराहामा मङ्गलबारदेखि सुरु १७ औं चितवन हात्ती तथा पर्यटन महोत्सवको शोभा यात्रामा हात्तीको लस्कर । क्षेत्रीय होटल संघ नेपाल चितवनको आयोजनामा सुरु महोत्सवमा हात्तीका विभिन्न गतिविधि हुनेछन् । *तस्बिर: कृष्ण आचार्य/रासस*

# उधौलीमा रमाउँदै पूर्वका किरात समुदाय

दमक (झापा), १० पुस । किरात समुदाय उधौली पर्व विभिन्न कार्यक्रम गरी यस वर्ष पनि मनाउन जुटेका छन् । किरातजन्य सामाजिक सङ्घसंस्थाले अघिल्लो वर्षझैँ यस वर्ष पनि विशेष उत्सवका साथ उधौली पर्व मनाउने तयारीमा जुटेका हुन् ।

देवीदेवतालाई नचढाइ खाएमा धताउने, बहुलाउने, रगत छदाउने, कुञ्जे सापे बनाउने, सोला हान्ने, जिउ सुकेर जाने, गलगाँड निस्कने, आँखा दुखाउने (अन्धो बनाउने), कान दुखाउने (बहिरा बनाउने) जस्ता माङहरूलाई अन्नबाली पाकेपछि चढाएर मात्र ग्रहण गर्ने परम्परा



रहिआएको जिल्लास्थित चुम्लुङका अध्यक्ष शेसेहाङ फियाकले बताउनुभयो ।

आफूले लगाएको बालीनाली पाकेपछि माङलाई चढाएपछि खाने र रमाउने चाडको रूपमा मानिएको यस चाडमा सम्पूर्ण देवीदेवता तथा प्रकृतिको पूजा गर्ने क्रममा तीनराते धार्मिक अनुष्ठान (तङसिङ) पनि गर्ने गरिआएको उहाँको भनाइ थियो ।

किरात समुदायले मनाउने प्रमुख चाडमध्ये यसलाई किरात राई जातिले साकेला, लिम्बूले चासोक तङनाम, याक्खाले चासुवा, सुनुवार जातिले फल्गाँदर भनेर मनाउने गर्दछन् ।

हरेक वर्ष मङ्सिर पूर्णिमाका दिनदेखि चासोक तङ्नाम (न्वागी पूजा) अर्थात् उधौली सुरु हुने किरात इतिहासका अध्येयतासमेत रहेका किरात याक्थुङ चुम्लुङका पूर्वकेन्द्रीय उपाध्यक्ष हरि चोडबाङले जानकारी दिनुभयो । चासोक तङनामलाई लिम्बूहरूले परिश्रमको फल खाने उपयुक्त समय मानी 'तागेरा निङवा युमालाई' चढाएर पूजाअर्चना गरी खाने चलन रहेको उहाँले बताउनुभयो । उहाँका अनुसार यो पर्व प्रत्येक वर्ष संसारभरी छरिएर रहेका भूमिपुत्र भेला भएर विशेष पूजाअर्चना गरी मनाउने गर्दछन् ।

लिम्बू भाषामा 'चासोक' को अर्थ न्वागी र 'तङनाम' को अर्थ उत्सव वा चाडपर्व हुन्छ । लिम्बूलाई उनीहरूकै भाषामा याक्थुङ्वा भनेर चिनाउने गरेका छन् । किरात समुदायअनुसार मानिस, जीवजन्तु तथा चराचुरुङ्गी लेकतिरबाट बेँसितिर बसाइँ सर्ने समय भएको तथा अन्नबाली भित्र्याइएको खुसीयालीमा यो पर्व मनाउने गरिएको चोडबाङको भनाइ थियो ।

आफूले उब्जाएको अन्नबाली

# चियाको उर्वरभूमिका किसान धानखेतीमा आकर्षित

इलाम, १० पुस । सूर्योदय नगरपालिका–१ मकरजुङका टीकाराम अधिकारीले यस वर्ष पोहोरभन्दा तीन मुरी बढी धान फलाउनुभयो । "अघिल्लो साल १५ मुरी फलेको ठाउँमा यो साल १८ मुरी थन्क्याएँ, चियामा मूल्य छैन, अब जसोतसो धानमै बल गर्ने बेला भयो", अधिकारीले राससँग भन्नुभयो ।

चिया उत्पादनको उर्वरभूमि इलामका किसान धानखेतीतर्फ आकर्षित हुन थालेका छन् । नगदे बालीसहित दूध, चियालगायतका कृषि उपज उत्पादनलाई आधुनिकीकरण गर्दै बजार प्रवर्द्धनको लक्ष्य लिएको सूर्योदय नगरपालिकाले चियाको न्यूनतम मूल्य तोकेर मूल्य र गुणस्तरमा एकरूपता ल्याउन पहल गरे पनि कार्यान्वयन हुन नसकेपछि आफूहरू वैकल्पिक खेतीप्रति आकर्षित भएको किसान गिरिज घिसिङले बताउनुभयो ।

गत वर्षको तुलनामा यस वर्ष जिल्लामा तीन मेट्रिक टन बढी धान उत्पादन भएको कृषि ज्ञान केन्द्र इलामले जनाएको छ । "गत वर्ष ४९ हजार ७९ मेट्रिक टन धान उत्पादन भएकामा यस वर्ष ४९ हजार ८२ मेट्रिक टन धान उत्पादन भएको छ", ज्ञान केन्द्रका प्रमुख टोनी बर्देवाले भन्नुभयो, "यस वर्ष गत वर्षभन्दा धानको उत्पादकत्वसमेत वृद्धि भएको छ ।" केन्द्रप्रमुख बर्देवाका अनुसार यस वर्ष धानको उत्पादकत्व बढेर प्रतिहेक्टर तीन दशमलव ३२ मेट्रिक टन पुगेको छ । गत वर्ष प्रतिहेक्टर तीन दशमलव ३१ मेट्रिक टन थियो ।

गत वर्षभन्दा यस वर्ष धान रोपाइँ हुने क्षेत्रफल भने घटेको छ । किसानले चिया मासेरै धानखेती लगाएका छैनन् तर चियामा लगाउने मेहनतचाहिँ धानखेतीमा बढाएको पाइन्छ । सूर्योदय नगरपालिकाका गोविन्द सापकोटाले आधा खेत मासेर पोहोर उत्तिस लगाउनुभएको थियो । "चियाखेतीमा राम्रै होला भनेर खेत मासियो चियाको मूल्यले निराश बनायो", उहाँ भन्नुहुन्छ, "आधा खेतलाई वर्षभरि मलजल गरेकाले राम्रै धान उत्पादन भएको छ ।" जिल्लामा गत वर्ष १४ हजार आठ सय १५ हेक्टर क्षेत्रमा धान लगाइएकामा यस वर्ष १४ हजार आठ सय १० हेक्टर क्षेत्रमा मात्र धान लगाइएको सरकारी तथ्याङ्क छ ।

इलामको सूर्योदय नगरपालिकामा सबैभन्दा बढी चियाखेती हुने गरेको छ । जिल्लाका इलाम, माई र देउमाई नगरपालिकाका अधिकांश किसान चियाखेतीमा आबद्ध छन् । विसं १९२० मा इलामबाट चियाखेतीको व्यावसायिक सुरुआत भएको मानिन्छ । तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणा चीन भ्रमणबाट फर्कँदा चिनियाँ जातको बिरुवा उपहारस्वरूप ल्याएको र उक्त चियाको बिरुवा इलामका तत्कालीन बडाहाकिम गजराजसिंह थापालाई दिएपछि थापाले इलामको माटोमा चियाको बोट रोपेको इतिहास छ । त्यसपछि पूर्वी पहाडका पाखापखेरामा चियाखेती हुँदै अहिले जिल्लाका अधिकांश ठाउँमा खेती भए पनि पछिल्लो समय चियामा समस्या झेल्नुपरेका कारण खेती विस्तार हुनसकेको छैन । फलस्वरूप कतिपय किसानले छाडिसकेको धानखेतीलाई नै जीविकोपार्जनको माध्यम बनाउन थालेका छन् ।

चियाको राजधानी भनेर चिनिने इलाममा चिया किसानलाई सधैँ हरियो पत्तीको मूल्यकै समस्या हुने गरेको छ । हरियो चियापत्ती बेच्ने किसानले वास्तविक मूल्य नपाएका कारण समस्या भोगिरहेका छन् । उचित मूल्य नपाएकै कारण पछिल्लो समयमा कृषकले चिया विस्तार गर्न छाडिसकेका हुन् । उद्योगी भने गुणस्तरीय चिया नहुँदा पर्याप्त मूल्य दिन नसकेको बताउँछन् । "किसानले मापदण्डअनुसारको गुणस्तरीय चिया ल्याएमा उद्योगले मूल्य दिएकै छ", सूर्योदय टि एशोसिएसनका एक सदस्यले भन्नुभयो, "ग्रेड नपुगेका चियापत्तीले राम्रो मूल्य पाउन नसकेको हो ।"

स्थानीय सरकारले तोकेको मापदण्ड पूरा गरेर चिया उत्पादन गर्न खर्चिलो हुने किसानको भनाइ छ । चियामा लगानी बालुवामा पानीमात्रै हुने भएपछि परम्परागत कृषि प्रणालीमा सुधार गरी आधुनिक कृषि प्रणालीको अपनाएँगै मल, बीउबिजन र सिँचाइको उचित व्यवस्थापन गरेर धान उत्पादन बढाउने तयारी धेरै किसानको छ । "चिया छाडेर धानखेती गर्नु रहर होइन", अर्का किसान विनोद घिमिरे भन्नुहुन्छ, "लागत नै नउठ्ने भएपछि चियामा के आशा गर्नु भनेर धानमै दुःख गर्न थालेका हौँ । कम्तीमा अन्न खान पाइन्छ ।"

ज्ञान केन्द्रले किसानलाई विभिन्न मेसिनरी तथा उपकरण अनुदानमा दिएको कृषि ज्ञान केन्द्रका प्रमुख बर्देवाले बताउनुभयो । यसले आधुनिक कृषि प्रणालीमा सहयोग पुऱ्याएको उहाँको विश्वास छ । "किसानले पनि उन्नत बीउबिजनको प्रयोग गरी मल र सिँचाइको व्यवस्थापन गरेकाले क्षेत्रफल घटे पनि धान उत्पादनमा वृद्धि भएको उहाँको भनाइ छ ।

चार नगरपालिका र ६ वटा गाउँपालिका रहेको जिल्लाको सबै ठाउँमा धानखेती हुँदै आएको छ । जसमध्ये माई, इलाम, देउमाई नगरपालिका, चुलाचुली र माइसेबुङ गाउँपालिका धानखेतीका लागि पकेट क्षेत्रका रूपमा चिनिन्छन् ।

जिल्लामा स्थानीय चुल्ठे भँगेरे, हर्दिनाथ–१, राधा–१२, मनसुली, मकवानपुर–१, चिरौँखे, बेलगुठी जातका धान रोप्ने गरिन्छ । पछिल्लो समय रामतुलसी, ननिया र सावित्री जातका धानसमेत रोप्न थालिएको इलाम नगरपालिका–१० गोदकका किसान गोपाल अधिकारीले बताउनुभएको छ । **(रासस)**

# इन्टरपोलबाट रेड नोटिस जारी भएका अभियुक्तलाई नेपाल ल्याइयो

काठमाडौँ, १० पुस । ठगी तथा सङ्गठित अपराध मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका धनुषा औरही गाउँपालिका–५ का ४४ वर्षीय रजिन्द्र पासमानलाई कतारबाट पक्राउ गरी नेपाल ल्याइएको छ ।

इन्टरपोल कतारको समन्वयमा पक्राउ परेका उनलाई कारबाहीका लागि सोमबार नेपाल ल्याइएको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले जानकारी दिनुभयो । पासमानलगायत अन्य व्यक्तिहरूले पीडितको माछापुच्छ्रे बैङ्कको खातामा रहेको रु. नौ लाख अनधिकृत रूपमा ट्रान्सफर गरी उक्त रकम विभिन्न बैङ्कहरूको एटिएम कार्डबाट निकालेर प्रयोग गरेका थिए । अनुसन्धानको क्रममा उनी वैदेशिक रोजगारीको सिलसिलामा कतारमा रहेको जानकारी भएको थियो । अन्तर्राष्ट्रियस्तरमा खोजतलासका लागि इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट सन् २०२३ डिसेम्बर ७ मा उनीविरुद्ध रेड नोटिस जारी गरेको थियो ।

यसअघि गत साता इन्टरपोलबाट रेड नोटिस जारी गरिएका चार जनालाई पक्राउ गरी नेपाल ल्याइएको थियो । **(रासस)**

# पर्यटन प्रवर्द्धन अभियानमा बाँके राष्ट्रिय निकुञ्ज

जानकी (बाँके), १० पुस । देशकै कान्छो निकुञ्ज बाँके राष्ट्रिय निकुञ्ज १२ औं वर्षमा प्रवेश गरेसँगै पर्यटन प्रवर्द्धन अभियानमा जुटेको छ । सन् २०१० जुलाई १२ मा नेपालको दशौँ राष्ट्रिय निकुञ्जका रूपमा स्थापित उक्त निकुञ्जमा पर्यटन प्रवर्द्धन गर्ने रणनीतिका साथ काम थालिएको छ ।

निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत मनोजकुमार शाहका अनुसार यस वर्षभरी नयाँ मार्ग निर्माण गर्ने र निकुञ्ज परिसरलाई सजाउने योजना छ । उहाँले भन्नुभयो, "हाम्रो उद्देश्य निकुञ्जमा धेरैभन्दा धेरै पर्यटक भित्र्याउने छ । यसका लागि निकुञ्जमा नयाँ मार्ग निर्माण गर्दै छौँ ।" पर्यटन प्रवर्द्धनका लागि विस्तृत योजना बनाउँदै गरेको उल्लेख गर्दै वरिष्ठ संरक्षण अधिकृत शाहले त्यसलाई चाँडै कार्यान्वयनमा ल्याइने बताउनुभयो ।

बाह्य तथा आन्तरिक पर्यटक भित्र्याउन नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट (नाट्टा) को आयोजना तथा निकुञ्जको सहकार्यमा सोमबार बर्दिया र बाँकेका पर्यटकसँगै पर्यटन व्यवसायीलाई जङ्गल सफारी गराइएको थियो । नाट्टाका संयोजक श्रीराम सिग्देलले सम्भावना र पूर्वाधार हुँदाहुँदै पनि यसको प्रचारप्रसार गर्न नसकिएको बताउनुभयो ।

"निकुञ्जबारे तीनै तहका सरकारले चासो दिन आवश्यक छ । बाँकेमा निकुञ्जसँगै अन्य धेरै पर्यटकीयस्थल छन् । ती सबैको विकासका लागि ध्यान दिन जरुरी छ", उहाँले भन्नुभयो ।

निकुञ्ज पाँच सय ५० वर्ग किमी क्षेत्रफलमा फैलिएको छ । यसको तीन सय ४३ वर्ग किमी मध्यवर्ती क्षेत्रभित्र पर्छ । निकुञ्जभित्र पूर्व पश्चिम क्षेत्र ७२ किमी र कोहलपुर बबई रत्नराजमार्ग ३० किमीको रहेको छ । बाघको बासस्थान र जैविक मार्ग संरक्षणको उद्देश्यले स्थापना गरिएको यो निकुञ्ज बर्दिया, दाङ र सल्यानसँग जोडिएको छ ।

निकुञ्जलाई सरकारले एक सय पर्यटकीय गन्तव्यको सूचीमा राखेको छ । यहाँ बाघ, हात्ती, चित्तल, जरायो, लगुना, बँदेल, नीलगाई, चितुवा, भालुलगायत जनावर पाइन्छन् । जैविक विविधताको दृष्टिले आठ पारिस्थितिकीय प्रणाली, एक सय २४ वनस्पति, ३४ प्रजातिका स्तनधारी, तीन सयभन्दा बढी पक्षी, ५८ प्रजातिका माछा, २४ प्रजातिका घस्रिने (सरिसृप) तथा छ प्रजातिका उभयचर प्राणी पाइन्छन् ।

मजदुर
११ पुस, २०८० (27 Dec, 2023)



। सम्पादकीय ।

# सबैले आ-आफ्नो समीक्षा गरौँ !

हरेक व्यक्ति बिहान उठेर मुख धुने वा स्नान गरेजस्तै सामाजिक र राजनैतिक व्यक्तिहरूले पनि हरेक दिन, हरेक सप्ताह, महिना र वर्षको एकपटक आत्मसमीक्षाको आवश्यकता हुन्छ । आत्मसमीक्षाको कमीले नै व्यक्ति व्यक्ति आ-आफ्ना उपलब्धि र कमी कमजोरीबारे राम्रो जानकारी राख्न नसक्दा पूर्ण सफलता प्राप्त गर्न असफल भएको अनुभव गर्दै छन् वा ५०/६० प्रतिशत पनि जीवनमा आफूले चिताएको गर्न नसकेको अनुभव गर्छन् । हीनताबोध र असफलता बोध भएका नेता, कार्यकर्ता समाजसेवी र घरका मुलीहरूकै कारण नेपाली समाजमा निराशा व्याप्त भएर एजेन्टहरूको फकाइमा लागेर विदेश लाग्दै छन् ।

समाजको भविष्यका खम्बाहरू तयार गर्ने हाम्रा विद्यालयका शिक्षकहरू र महाविद्यालयका प्राध्यापकहरूले के आफ्नो स्वार्थलाई बिर्सेर कक्षामा देश र जनताको हितबारे गम्भीर भएर कक्षा सञ्चालन गरेका छन् ? भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । पेसागत विषयवस्तुमा मात्रै ध्यान दिँदा समाजको भविष्यबारे बिर्सेर अध्ययन र अध्यापन गर्दा देश लथालिङ्ग भएको अनुभव गरिँदै छ ।

त्यस्तै राजनैतिक कार्यकर्ताहरूले पनि आ-आफ्ना वर्गीय र पेसागत सङ्गठनका साथीहरूको सीप र समाजबारेको कर्तव्यबारे कक्षा सञ्चालन नगर्दा भोलि नेतृत्व सम्हाल्ने युवाहरू आपसमा पद र पैसालाई प्राथमिकता दिँदै सामूहिक भावनालाई अगाडि बढाउनुभन्दा व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिँदै जानेछन् ।

कार्यकर्ताहरूले समाज र देशको भविष्यको निम्ति आवश्यक विषयमा नेतृत्वको ध्यानलाई आकर्षित गर्नुपर्नेमा व्यक्तिगत स्वार्थलाई मात्र अगाडि लाने गर्दा नेताहरूले निश्चित कार्यकर्तालाई मात्रै बन्दोबस्त गर्नेमा ध्यान गएको प्रस्ट हुन्छ । प्रधानमन्त्रीदेखि नगरका मेयर, गाउँपालिकाका वडा अध्यक्षसम्मको ध्यान आ-आफ्ना नातागोता र व्यक्ति व्यक्तिको पद र पैसाको विषयमा ध्यान दिएको मानिसहरू अनुभव गर्दै छन् । समाज र देशको व्यापक हितबारे सोच्ने काम पछि परेको देखिन्छ ।

एउटा अनुभवले बताउँछ, काठमाडौँ उपत्यकाका विद्यार्थीभन्दा बाहिरी जिल्लाबाट काठमाडौँ पढ्ने विद्यार्थीहरू बढी मेहनती देखिन्छन् । उपत्यकामा पनि सहरमा बस्नेहरू भन्दा काँठ-काँठमा बस्नेहरू बढी मेहनती देखिन्छन् । यही कुरो अध्ययन र अध्यापनमा पनि लागु हुन्छ । यसकारण, नगरका हरेक परिवार पुरानै सामाजिक झमेलामा जेलिएको हुँदा तुलनात्मकरूपले कम सक्रिय छन् कि भन्नेबारे बरोबर छलफल हुन्छ ।

विद्यार्थीहरू बोर्डिङ वा छात्रावासमा राखे परीक्षा फल राम्रो हुन्छ । सिपाहीहरूलाई ब्यारेकमा राखेर देशको रक्षाको मामलामा बढी सक्षम र योग्य भएजस्तै मन्त्री, सचिवहरू एवं सिंहदरबारका माथिल्ला कर्मचारीहरूलाई पनि परिवारभन्दा फरक निवास र आवासहरूको बन्दोबस्त भएको खण्डमा देश र जनताको काम बढी हुने र भ्रष्टाचार धेरै अंशमा नियन्त्रण हुने देखिन्छ । अनेक देशमा यस्तो बन्दोबस्त सुनिन्छ जुन देश हाम्रो भन्दा स्वच्छ र विकासउन्मुख छ ।

त्यस्तै जनस्तर र कार्यकर्ता स्तरमा पनि नयाँ ढङ्गले सोच्नुपर्ने र व्यवहारमा लागू गर्नुपर्ने देखिन्छ । सुनिन्छ कतिले दसौँ वर्ष कमाएका धनसम्पत्ति एउटै सामाजिक कार्य एवम् बिहाबारी आदिमा खर्च गर्छन्, भोजभतेर र अनेक अन्धविश्वासमा अनावश्यक खर्च गर्छन् । गाउँ, टोल, क्षेत्र वा इलाकामा वर्षको एकपटक सबै जोडीको विवाह समाजले नै गर्ने बन्दोबस्त गरेमा कसो होला भनी छलफल बरोबर हुन्छ । सामान्य खानामै एक दुइटा नयाँ परिकार थप्दा भोज भइहाल्यो भन्ने विचार पनि अनौपचारिकरूपमा चिन्तनमनन हुन्छ । त्यस्तै क्रिसमस जस्तो धार्मिक कार्यमा 'त्यो के हो' भन्नेबारे केही नबुझेका मानिसहरूलाई बिदा दिएर के फाइदा ? कार्यालयमा गए काम सकिनेमा बेकारमा, बाधा व्यवधान भयो भन्ने पनि छन् । यस्ता विषयमा हुने चर्चा, परिचर्चा र समीक्षाले फजुल खर्च घट्नेछ । छात्रछात्राहरूको पढाइमा बाधा हुँदैन, मुद्दा मामिला छिटो हुँदा जनताले छिटो न्याय पाउनेछन् ।

हो, व्यापारीवर्गलाई आर्थिक लाभ हुन्छ । भन्सार लाग्ने वस्तुहरूबाट सरकारको आम्दानी बढ्छ । तर, एक दिनको सरकारी बिदाले करोड होइन अर्बौं रुपैयाँ खेर जान्छ । यस्ता विषयमा समाज र सरकारको ध्यान जानु हितकर हुन्छ । सबैले सोचौँ ।

# नेपालको सार्वभौमिकतामाथि भारतको ठाडो हस्तक्षेप

✍ सुनिल

**नेपालको सार्वभौमिकता र स्वतन्त्रतामाथि निरन्तर भारतीय विस्तारवादले हस्तक्षेप गर्दै आएको छ । आजका नयाँ पुस्ताले देशको सार्वभौमिकतामाथि ठाडो हस्तक्षेप गर्ने र देश नै आफ्नो नियन्त्रणमा राख्न खोज्ने भारतीय विस्तारवादको विरुद्ध सशक्त आवाज उठाउनु जरुरी छ ।**

छरछिमेक राम्रो र असल भए शान्तिपूर्ण जीवन जिउन पाउँछ । यो हामी सबैले जानेबुझेको कुरा हो । यो कुनै पनि देशको हकमा पनि लागू हुन्छ । कुनै पनि देशको छिमेकी मित्रवत् व्यवहार गर्ने असल र सहयोगी भएमा त्यस देशको विकास र समृद्धिको सम्भावना हुन्छ । किनभने विकासको निम्ति शान्ति पहिलो शर्त हुने गर्छ । दुष्ट छिमेकी पर्यो भने उसले कहिल्यै चैनसित बस्न दिँदैन । निरन्तर बिगार्ने कोशिश गरिरहेको हुन्छ । समाजमा अरूलाई दुःख दिएर आफूले शान्ति खोज्नेहरू नै दुष्ट कहलिन्छ । नेपालको पूर्व, पश्चिम र दक्षिणतिर घेरिएको भारत नेपालको लागि कहिल्यै असल छिमेकी बन्न सकेन ।

भारतले नेपालसँग पारस्परिक हित र सहयोगको नीति लिनुको सट्टा निरन्तर आफ्नो राजनैतिक स्वार्थ पूरा गर्नको लागि नेपाल सरकारलाई दबाबमा पार्दै छ । जुनसुकै पार्टीको सरकार आए पनि उसको आज्ञाकारी बन्नैपर्ने बाध्यात्मक स्थिति उत्पन्न गर्दै छ । भारतको आज्ञा पालन नगर्ने बित्तिकै सत्ताबाट बिस्थापित गर्ने, पार्टीमा फूट ल्याउने र नेताहरूको अपहरण वा हत्यासम्मको धम्की दिने जस्ता अराजनैतिक वा अनैतिक कार्यहरूसमेत हुँदै आएको नेपालीहरूले अनुभव गरेकै विषय हो । नेपाल सरकारले भारतको अनुकूल काम नगर्ने बित्तिकै अन्तर्राष्ट्रिय सिद्धान्त, मूल्य र मान्यताविपरीत भूपरिवेष्ठित मुलुकलाई समेत पटकपटक नाकाबन्दी गरेको इतिहासबारे पनि नेपालीहरू जानकार छन् । २०४५ साल र २०७२ सालको नाकाबन्दी भारतको इच्छाअनुसार नेपाल सरकार नचल्ने सङ्केतपछि गरेको जगजाहेर छ ।

२०७२ सालमा संविधानसभाले संविधान तयार गरी घोषणाको अन्तिम तयारी गरिरहँदा भारतले आफ्नो दूत पठाएर रोक्ने प्रयास गर्यो । उसले १० वर्षसम्म माओवादीलाई भारतमा राखेर सबै सहयोग गरेको, गणतन्त्र, सङ्घीयता र धर्म निरपेक्षता आफ्नै कारण सम्भव भएको दाबी गर्दै संविधानमै आफ्नो अंश खोज्दै त्यसको सावाँ ब्याज असुल गर्न खोजेको थियो । भारतको दबाबलाई अस्वीकार गर्दै नेपालका राजनैतिक दलहरूले २०७२ असोज ३ गते संविधान जारी गरे । असोज ६ गतेदेखि भारतले नेपालमा नाकाबन्दी गरेको हो । भूकम्पले पीडामा परेका नेपाललाई सहयोग गर्नुपर्नेमा भारत सरकारले थप पीडा दियो र एक दुष्ट छिमेकीको परिचय दियो ।

माओवादीहरूले १० वर्षसम्म भारतकै सहयोगमा सशस्त्र सङ्घर्ष गरेका थिए । त्यतिबेला माओवादी नेताहरूले भारतमै धेरै समय बिताए । उनीहरूले भारतबाट हतियार, सैन्य तालिम, भौतिक र नैतिक समर्थन पनि पाए । त्यसको कारण माओवादी अध्यक्ष प्रचण्ड र बाबुरामले सन् २००२ मा भारतीय प्रधानमन्त्री कार्यालय र भारतीय जासुसी संस्था रअ तथा अर्को आइबी (इन्टेलिजेन्स ब्युरो) लाई संयुक्त हस्ताक्षर गरी बुझाएको कबुलियतनामा नै मुख्य रहेछ भन्ने पछि स्पष्ट भयो । माओवादी नेताहरूले नेपालको कुनै पनि आन्तरिक र वैदेशिक निर्णय भारतको पूर्वअनुमति विना नगर्ने, नेपालमा भारतीय सुरक्षा निकायको उपस्थिति संस्थागतरूपमा गराउने प्रतिबद्धता जाहेर गरेको सार्वजनिक भयो । बाबुरामको गुरु एस.डी. मुनीले २०६९ सालमा एक कार्यक्रमबिच यी कुराको सार्वजनिक गरेका थिए । मुनी त्यतिबेला माओवादी र भारतबिच सम्पर्क सूत्रको काम गर्ने व्यक्ति र बाबुरामका गुरु थिए ।

माओवादीले नेपाललाई सिक्किम नभए पनि भुटानको स्थितिमा पुर्‍याउने भारतसामु बचनवद्धता गरेको घामजत्तिकै छर्लङ्ग भयो । भुटानको सुरक्षा र परराष्ट्रको सम्पूर्ण अधिकार भारतसँग छ । सन् १९४९ को भारत–भुटानबिचको सन्धिपछि त्यो अधिकार भारतले आफ्नो नियन्त्रणमा लिएको थियो । भारत नेपाललाई पनि पाइला पाइला गरी भुटानको बाटो हुँदै सिक्किम बनाउन चाहन्थ्यो । त्यसको लागि माओवादीलाई सबभन्दा अनुकूल देख्यो र प्रयोग गर्यो । भारतले आफ्नो हितमा सोच्नु स्वाभाविक छ । मुख्य कुरा नेपाली नेताहरूले नेपालको हितलाई ध्यान दिनुपर्ने हो । प्रचण्ड कहिलेकाहीँ भारतको लागि 'कन्फरटेबल' सरकारको कुरा गर्छन् । त्यो भारतको दलाली गर्नु हो ।

यही मङ्सिर २१ गते बसेको मन्त्रिपरिषद्को बैठकले काठमाडौँस्थित भारतीय दूतावासले बाँड्ने अनुदान रकम बढाएर २० करोड पुर्‍याएको छ । त्यो नेपाल सरकारको बजेटमा नआउने भारतीय दूतावासले सोझै खर्च गर्ने रकम हो । यसको सुरुआत सूर्यबहादुर थापाको पालामा भएको थियो भने बाबुराम नेतृत्वको सरकारले रु. ५ करोड पुर्‍यायो । अहिले त्यो रकम बढाएर २० करोड पुर्‍याइएको छ ।

हरेक वर्ष एम्बुलेन्स, शवबाहन, स्कूल बस, भारतीय दूतावासले बाँड्छ भने सरकारको अनुमतिबिना उसले सामुदायिक भवन, बर्थिङ सेन्टर, बालविकास केन्द्र, गुठी घर, योग केन्द्रजस्ता भवनहरू पनि निर्माण गर्दै छ । नेपाल सरकारको अनुमतिबिना हाम्रो भूमिमा भारत सरकारले सोझै खर्च गर्नु नेपालको सार्वभौमिकता र स्वतन्त्रतामाथि ठाडो हस्तक्षेप हो । कुनै पनि स्वतन्त्र र सार्वभौम राष्ट्रले त्यस कुरालाई स्वीकार गर्दैन । भारतको कठपुतली प्रचण्ड नेतृत्वको सरकारले भारतीय हस्तक्षेपलाई थप सजिलो बनाउँदै लगेको छ ।

भारतीय भूमिमा कुनै देशले सरकारको अनुमतिबिना अनुदान रकम खर्च गर्छ भने के भारत स्वीकार गर्न तयार हुन्छ ? नेपाल सरकार भारतले हाकाहाकी हस्तक्षेप गर्दा किन चुप छ ? प्रस्ट छ, सन् २००२ मा माओवादी नेताहरू प्रचण्ड र बाबुराम भट्टराईले भारत सरकार र भारतीय गुप्तचर विभागमा नेपाल सरकारले भारतीय अनुमतिबिना नेपालको आन्तरिक र वैदेशिक सम्बन्धको निर्णय नगर्ने र नेपाली भूमिमा भारतीय सेनाको उपस्थिति संस्थागत गर्ने प्रतिबद्धता त्यसको मुख्य कारण हो ।

नेपालमा जुनसुकै पार्टीको सरकार बने पनि भारतको हितमा काम गर्ने परम्परा बन्दै आयो । पछिल्लो समयमा माओवादी सरकारले त्यसलाई निरन्तरतामात्र दिएन नेका र एमालेभन्दा अघि बढेर नेपालको प्राकृतिक स्रोत र साधन भारतीय विस्तारवादलाई सुम्पन तयार भए । हाम्रा शासक दलहरू भारतको हितमा काम गर्न प्रतिस्पर्धा गर्छन् । बाबुराम भट्टराई प्रधानमन्त्री भएको बेला भारतीय लगानी भएको कुनै पनि उद्योगमा आगजनी वा कुनै प्राकृतिक विपत्ति भई क्षति भएमा नेपाल सरकारले कम्पनीलाई क्षतिपूर्ति दिने बिप्पा सम्झौता गरियो । त्रिभवन विमानस्थललगायत २५ वटा एयरपोर्टको मर्मत र स्तरोन्नतिको जिम्मा पनि भारतलाई दिने सम्झौता गरिएको थियो भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भारतीय सेना राख्ने चलन पनि भट्टराईकै पालामा भएको हो ।

अहिले पाइला पाइला गरी नेपालको प्राकृतिक स्रोतसाधन भारतको नियन्त्रणमा जाँदै छ । नेपाल जलस्रोतमा धनी र पर्याप्त बिजुली निकाल्ने सम्भावना भएको देश हो । सरकारी वा निजी तथा विदेशीको लगानीमा विभिन्न ठाउँमा विद्युत् परियोजनाहरू पनि सञ्चालन हुँदै छन् । केही समयअघि भारतले विदेशी लगानी भएको विद्युत् खरिद नगर्ने नीति बनायो । त्यसले विभिन्न विद्युत् परियोजनाहरूमा लगानी गरिरहेका चीनका कम्पनीहरूले बिचमै छोडेर गए । अहिले पश्चिम सेती, अरूण तेस्रो र चौथो, माथिल्लो कर्णाली, महाकालीलगायत नेपालका सबै नदीनालाहरूमा भारतको एक्लौटी कब्जामा गयो । नेपालको जलस्रोत कब्जा गर्नकै लागि भारतले विदेशी लगानीको विद्युत् खरिद नगर्ने नीति ल्याएको पनि स्पष्ट भयो ।

विदेशीलाई सहज नागरिकता दिने प्रावधानसहितको देशघाती नागरिकता विधेयक शासक दलहरूले पारित गरे भने प्रवासी नेपालीहरूलाई पनि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहित नागरिकता दिने कानुन निर्माण गरेर नेपालमा विदेशीहरू छाडा साँढेझैँ पस्ने वातावरण बनाउँदै छन् । नेपाली युवाहरूलाई रोजगारी र शिक्षाका लागि विदेश पठाए भने कतिलाई सरकारकै जिम्मेवार पदाधिकारीहरूसहितको मिलेमतोमा भुटानी शरणार्थी बनाएर अमेरिका पठाए । नेपालीहरूलाई विदेश पठाएर विदेशीलाई नेपालमा सजिलै नेपाली बनाउने देशघाती काम शासक दलहरूले गर्दै छन् । नेपालमा अमेरिकी सेनाले बुथ बजार्ने गरी परराष्ट्र नीतिविपरीत नेपाली सेना अमेरिकी सैन्य गठबन्धनमा जाने गरी एमसीसी सम्झौता संसद्ले अनुमोदन गर्नाले पनि देशको सार्वभौमिकता थप खतरामा परेको सङ्केत गर्दछ ।

नेपालको भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरामा भारतीय सरकारले सडक बनाएर उद्घाटन गर्दा समेत सरकार चुपचाप छ । देशभक्त नेपाली जनताले त्यत्रो विरोध गर्दा समेत सरकारले नबोल्नाले भोलि भारतले नेपालको मौन समर्थनको रूपमा लिन सक्ने सम्भावना छ । अहिले नेपाल सरकारको आयु भारत सरकारको निगाहामा छ । नेपालका प्रधानमन्त्री, राष्ट्रपति, सभामुख कसलाई बनाउने भन्ने निर्णय भारतको नयाँ दिल्लीले गर्ने गरेको अब कुनै लुकेको विषय भएन । यस अर्थमा भारत नेपालप्रति विगतभन्दा निकै आक्रमक ढङ्गले प्रस्तुत हुँदै छ ।

नेपालको सार्वभौमिकता र स्वतन्त्रतामाथि निरन्तर भारतीय विस्तारवादले हस्तक्षेप गर्दै आएको छ । आजका नयाँ पुस्ताले देशको सार्वभौमिकतामाथि ठाडो हस्तक्षेप गर्ने र देश नै आफ्नो नियन्त्रणमा राख्न खोज्ने भारतीय विस्तारवादको विरुद्ध सशक्त आवाज उठाउनु जरुरी छ ।

***साभार : संगम साकोसको बुलेटिनबाट***

सन्दर्भ

*- सीआरआई*

# तिनीहरू अमेरिकामा किन कारखानाहरू निर्माण गर्न मान्दैनन् ?

"होसियारीपूर्वक विचार गरेपछि, हामीले अमेरिकाको ओक्लाहोमामा ब्याट्री कारखाना स्थापना गर्ने योजना त्यागेका छौँ ।" हालै टेस्ला ब्याट्री आपूर्तिकर्ता जापानको प्यानासोनिक कम्पनीले यो घोषणा गरेको हो । यो एक अलग मामला होइन । यस वर्षदेखि धेरै प्रसिद्ध अन्तर्राष्ट्रिय कम्पनीहरूले अमेरिकामा कारखानाहरू निर्माण गर्ने योजनाहरू छोडेका वा स्थगित गरेका छन् । अमेरिकी सरकारले कम्पनीहरूलाई लगानी गर्न र कारखानाहरू निर्माण गर्न आकर्षित गर्न प्रोत्साहनजनक उपायहरू र अनुदान नीतिहरूको शृङ्खला प्रस्तुत गरेको सन्दर्भमा, तिनीहरूले किन उल्टो 'बजार जवाफ' दिन्छन् ?

उद्यमहरूका लागि लगानी र एक ठाउँमा कारखाना निर्माण गर्दा, तिनीहरूले लागत प्रभावकारिता, स्थानीय बजार र म्याक्रो वातावरण, साथै स्थानीय औद्योगिक समर्थन सुविधाहरू, कारक विनियोजन आदि विचार गर्नुपर्छ । यो व्यापक अनुसन्धान र निर्णयपछि विवेकपूर्ण निर्णय हो ।

अमेरिकाको लागत नोक्सानी, औद्योगिक नीतिहरूमा सुसंगतको कमी र वित्तीय उद्योगतर्फ आर्थिक संरचनाको अत्यधिक झुकावले उत्पादन उद्योगलाई पुनरुत्थान गर्न अझ कठिन बनाएको छ । अमेरिकी ऋणको बोझ रेकर्ड उच्चस्थानमा पुगेको छ, मुद्रास्फीति उच्च रहन्छ, उत्पादन उद्योगमा बारम्बार अवरोधहरूले सबै कम्पनीहरूलाई अमेरिकी व्यापार वातावरणको बारेमा चिन्तित बनाएको छ । अमेरिकी मौद्रिक नीतिमा तीव्र परिवर्तन र अप्रत्याशित राजनीतिक घटनाहरू जस्ता अनिश्चितताहरूले पनि कम्पनीहरूलाई निरुत्साहित बनाएको छ । त्यतिमात्र होइन अमेरिकाले आर्थिक मुद्दाहरूलाई पनि राजनीतिकरण गरेको छ र सान्दर्भिक नीतिहरूमा विभिन्न 'गार्डरेल' खण्डहरू थपेको छ, जसले कम्पनीहरूको विश्वास र उत्साहलाई घटाएको छ । आम अमेरिकीहरूलाई अझ बढी चिन्ताको कुरा के छ भने उद्योगहरूलाई जबरजस्ती अमेरिकामा फिर्ता लैजाँदा उपभोक्ता लागत मात्रै बढ्दैन, अझ ठूलो खर्चका कारण मुद्रास्फीति पनि बढ्न सक्छ ।

# एउटै बिस्कुटको मूल्य फरक फरक



पाठक पत्र

majdurdaily@gmail.com

आफ्नो उत्पादन बेच्ने र आवश्यक सामान किन्न गाउँघरमा हाटबजारको र सहरहरूमा पसलहरूको बन्दोबस्त हुन्छ । पसलहरूमा पनि साना ठुला, खुद्रा थोक हुँदै सुपर मार्केट (विशाल बजार), मार्ट, मिनिमार्टहरू थुप्रै खुलेका छन् । यस्ता पसलमा निश्चित मूल्य हुने अर्थात् मोलमोलाइ नहुने, नक्कली वस्तु बिक्री नगर्ने, एउटै पसलमा घरायसी आवश्यक गुणस्तरीय सबथोक पाइने मानिसहरूको विश्वास छ । तर, व्यवहारमा नक्कली र म्याद नाघेका वस्तुहरू, मूल्यमा भिन्नता हुने र अन्य खुद्रा पसलमा भन्दा तुलनात्मक महँगो हुने धेरैको अनुभव छ । भक्तपुर नगरपालिकाले बराबर अनुगमन गर्दा म्याद नाघेका सामानहरू फेला पारी जफत गरेको र नस्ट पारिएको समाचार 'मजदुर' दैनिकमा धेरै पटक पढिसकेका छौँ । यहाँ, एउटै बिस्कुटको चार मूल्यको जानकारी दिन खोजेको छु ।

नेबिको अर्थात् नेपाल बिस्कुट कम्पनीका थुप्रै बिस्कुटमध्ये 'सुगर फ्रीर क्राकर' को अङ्कित मूल्य रु. १२५ छ । तर, साख मार्ट (तुलाछेँ) मा रु. ११० मा, साख मार्ट (राम मन्दिर) मा रु. ११५, भक्तपुर मिनिमार्ट (सुकुलढोका) मा रु. १२० र बीग मार्ट (कमलविनायक) मा रु. १२५ मा बिक्री हुने गर्छ या मूल्य टाँसिएको हुन्छ । एक बट्टा बिस्कुटको यति धेरै फरक मूल्य हुँदा पनि सम्बन्धित निकायको ध्यान नजानु आश्चर्यको विषय हो । उल्लेखित मार्टहरूमध्ये बिग मार्टका सामानको मूल्य सबैजसोमा बढी देखिन्छ । किन होला ? ग्राहकलाई भगवान् मान्ने व्यापारीहरू नैतिक र विवेकशीलभन्दा ठगजस्तो पो देखियो, होइन र ?

***-आदित्य, भक्तपुर***

सन्दर्भ : माओ त्सेतुङ जन्म दिवस

# चिनियाँ साहित्य र माओ त्सेतुङ

✍ रास

नेपालको कम्युनिस्ट आन्दोलनमा लागेका धेरैले सम्झने दिन हो, २६ डिसेम्बर। चिनियाँ क्रान्तिका शीर्षस्थ नेता माओ त्सेतुङको जन्मदिनमा नेपालमा पनि विभिन्न गतिविधि हुने गर्छ। सानो छँदा शिक्षकहरूले माओको 'सन्तोष अध्ययनको शत्रु हो' भन्ने भनाइ राख्दै पढाइमा ध्यान दिन जोड दिनुहुन्थ्यो। राजनीतिक कक्षाहरूमा सहभागी हुँदा 'क्रान्तिकारीहरूको मृत्यु पहाडजत्तिकै गह्रौँ हुन्छ भने प्रतिक्रियावादीहरूको मृत्यु प्वाँखभन्दा हलुका हुन्छ,' 'प्रतिक्रियावादीहरूले इतिहासको पाङ्ग्रालाई पछाडि धकेल्न जतिसुकै प्रयास गरे पनि क्रान्तिले विजय पाइछाड्छ' जस्ता माओका भनाइ पनि सुन्न थाल्यौँ।

माओको नाम पढ्न नजान्दै मैले माओको तस्बिर देखेँहुँला ! मेरा मामाघरका भित्ताहरूमा विभिन्न देवीदेवताका तस्बिर झुन्ड्याइएका हुन्थे। तर, आफ्नो घरको बैठक (चोटा) मा मार्क्स, एङ्गेल्स, लेनिन, स्तालिन र माओ त्सेतुङका तस्बिरहरू झुन्ड्याइएका हुन्थे। ती तस्बिरको लहरमा माओको तस्बिर पाँचौं स्थानमा किन राखिएको होला भन्ने जिज्ञासा हुन्थ्यो। तस्बिरको सिरानमा लेखिएको 'सर्वहारावर्गका महान् गुरु' भन्ने पढ्न जान्ने भएपछि पनि सर्वहारावर्ग भन्नुको अर्थ बुझिन्नथ्यो, गुरुको अर्थ शिक्षक हो भन्ने थाहा भएर पनि ती कसरी गुरु भए भनी गम खाएर बसेका धमिला सम्झनाहरू मानसपटलमा आज पनि सल्बलाइरहन्छन्। ती गुरुहरूले कुन विद्यालय पढाउने होलान् भन्ने जिज्ञासा हुन्थ्यो। 'हामी कम्युनिस्ट पार्टीको पक्षमा हौँ' भन्ने आमाको मुखबाट सुने तापनि कम्युनिस्टको साङ्गोपाङ्गो अर्थ आमालाई पनि थाहा थिएन। आमाबाटै कम्युनिस्ट भनेका असल चरित्रका मानिस हुन्छन् भन्नेसम्म थाहा भयो। आमालाई मार्क्स, एङ्गेल्स, लेनिन, स्तालिन र माओ गरिबका पक्षपाती भन्नेसम्म थाहा थियो। एउटा नाबालकलाई आफ्नी आमाले जानेकोभन्दा बढी थाहा हुने कुरो पनि भएन।

विक्रमको ३० को दशकको अन्त्यतिरको कुरा ! घरमा हिन्दी भाषाका 'चीन-सचित्र' का विभिन्न अङ्क राखिएका थिए। 'चीन-सचित्र' मा चीनको क्रान्तिपछि भएका विकास तथा अनेक निर्माणका रङ्गिन तस्बिरसहित समाचार प्रस्तुत गरिएको हुन्थ्यो। त्यो पत्रिका आकारमा आजकालका 'ट्याब्लोइड' साइजको तर ४०-५० पृष्ठको हुन्थ्यो। ती तस्बिरमा माओ त्सेतुङ पनि हुन्थे। फराकिलो ललाट भएका र विशेष सुटमा सजिएका माओ औधी आकर्षक लाग्थे।

**'चम्किलो रातो तारा'**

म एघार-बाह्र वर्षको थिएँ हुँला। एकदिन घरको दराजमा राखिएको एउटा पुस्तकमा मेरो आँखा पऱ्यो। पाठ्यपुस्तकबाहेक अरू पुस्तक पढ्नुपर्छ भन्ने पनि थाहा नभएको बेला थियो। पुस्तकका केही पाना पढेपछि छोड्नै मन लागेन। अचम्म ! पुस्तकले मलाई फलामलाई चुम्बकले तानेझैँ तान्यो। पाठ्यपुस्तक पढ्दा त्यस्तो हुन्थेन त ! त्यो ली सि - तियानको 'चम्किलो रातो तारा' नामको पुस्तक थियो। आज सम्झँदा त्यस बालोपन्यासको बालपात्र तुङ चसँगै चिनियाँ क्रान्तिको इतिहासको पहिलो पाठ पढेको अनुभव हुन्छ। गाउँको जमिनदारबाट नृशंसतापूर्वक मारिएकी आमा र 'लालसेना' को 'लङ मार्च' को निम्ति बिदा भएका एक पिताको छोराका अदम्य साहसिक यात्राले नै माओको योगदानबारे मलाई कखरा सिकाएको हो कि भन्ने गम खान्छु कहिलेकाहीं। आज पनि तुङ चको दु:खमा आफू आँसुमा लतपतिएको, उनको साहसमा उद्वेलित भएको मधुरो सम्झना आइरहन्छ। चिनियाँ जनमुक्ति सेनाका योद्धा बन्दासम्मको तुङ चको यात्राले कसैलाई पनि जीवनदेखि भाग्न दिन्न। यस्ता साहित्यले जीवन एक सङ्घर्षको अर्को नाम हो भन्ने सिकाउँछ।

प्राथमिक तहमै छँदा चिनियाँ बालकथा 'लिहुलान' पढेको सम्झना ताजै छ। गरिब परिवारमा हुर्किएकी लिहुलानले आफ्नी सानी बहिनी लिएर सिला खोज्न जान्छिन्। सिला बेचेर नयाँ कपडा हालिदिने तिनकी आमाले वचन दिएकी थिइन्। दिनभरमा टिपिएको सिला कम भएकोले लिहुलानले पहिला बहिनीको निम्ति कपडा हालिदिन आमासँग भन्छिन्। यस्ता कथाले केटाकेटीलाई अरूको बारे पहिला सोच्नुपर्ने भावना सिकाउँछ। त्यस्तै 'यो कसको रुमाल ?' शीर्षकको चिनियाँ बालकथा पढ्न पाइन्थ्यो, विद्यालयमै। एकदिन विद्यालयमै नयाँ रुमाल हराएपछि एउटी बालिका रुमाल खोज्दै सबैतिर पुग्छिन्। अन्तमा एउटा रुमाल भेट्टाउँछिन् तर त्यो अरू कसैको हुन्छ। उनी 'यो कसको रुमाल ?' भन्दै कक्षा - कक्षामा पुग्छिन्। अन्तमा, ती बालिका रुमाल फर्काउन सफल हुन्छिन्। बालिकाले शिक्षकबाट पुरस्कार स्वरूप नयाँ रुमाल नै पाउँछिन्। केटाकेटीलाई इमानदार बनाउन यस्ता कथाले मद्दत गर्छ।

गरिब चिनियाँहरू बिरामी हुँदा उपचार नपाई अकालमा मर्थे, उपचारको निम्ति खर्च गर्दागर्दै कैयौँ चिनियाँ कङ्गाल हुन्थे। त्यही यथार्थले लु सुनलाई चिकित्साशास्त्र पढ्न उत्प्रेरित गऱ्यो। जापानमा विद्यार्थी रहेकै बेला एकदिन जापानी कलेजका एक शिक्षकले युद्धसम्बन्धी एउटा वृत्तचित्र देखाए। तिनताका जापान र रुसबिच युद्ध चलिरहेको थियो। वृत्तचित्रमा एकजना चिनियाँ युवकलाई जापानविरुद्ध रुसको पक्षमा जासुसी गरेको झूटो आरोपमा पाता फर्काएर पिट्दै गरेको देखाइएको थियो। तर, मोटाघाटा तथा बलियाबाङ्गा चिनियाँ युवाहरू जापानीहरूको त्यो अत्याचार हेरेर पेट मिचिमिची हाँसिरहेका थिए। यस्तो परचक्री ठाउँमा आफ्नो देशका मान्छे कुटिँदा पनि खित्का छाडेर कसरी हाँस्न सकेका ! त्यो दृश्यले लु सुनको मनमा भयङ्कर आँधी ल्याइदियो, उनको मन छियाछिया बनायो। यही नै लु सुनको जीवनको नयाँ मोडको आधारशिला बन्यो। उनले चिकित्साशास्त्र पढ्न छोडेर साहित्य लेखनलाई जीवनको उद्देश्य बनाए। डाक्टर बनेर केही बिरामीको उपचार गर्न सकिएला तर साहित्यको माध्यमबाट करोडौँ चिनियाँ जनतालाई मुक्त गर्न सकिन्छ भन्ने निधो गरे लु सुनले।



**लु सुनको नयाँ मोड**

मैले पढेको विद्यालयमा चीनका प्रसिद्ध साहित्यकार लु सुनको जन्मदिवसको अवसर पारी साहित्य गोष्ठीहरू हुन्थे। साहित्य लेख्ने काइदा के हो भन्ने थाहा भइसकेको थिएन। विद्यार्थीले नै आयोजना गर्ने कार्यक्रम भएकोले केही न केही लेख्ने दबाब पर्थ्यो। अनि, कनीकुथी लेखिन्थ्यो। कतिपय अवस्थामा हामी 'अक्कलसहितको नक्कल' गरी साहित्य लेख्थ्यौँ, वाचन गर्थ्यौं। भक्तपुरमै लु सुन दिवसकै अवसरमा बर्सेनि 'बृहत् साहित्य गोष्ठी' हुन्थ्यो। विक्रमको चालीसको दशकको सुरुआततिर लु सुन दिवसकै अवसरमा भक्तपुरमा आयोजित एक साहित्य गोष्ठीमा प्रहरी हस्तक्षेप भएको घटनाको झल्को आइरहन्छ। यसरी हामीजस्ता बालकहरूमा समेत पञ्चायती प्रहरी नकारात्मकताका उदाहरण बन्थ्यो।

हाम्रो विद्यालयमा आयोजित कार्यक्रमका अतिथि वक्ताहरू लु सुनको जीवनीको एउटा अंश सुनाउन छुटाउन्नथे। लु सुनको जीवनको 'टर्निङ प्वाइन्ट' ले हामीजस्ता नवजवानहरूको जीवनदर्शनको मार्ग कोरेको अहिले अनुभव हुन्छ। लु सुनको त्यो कथा यस्तो थियो :

गरिब चिनियाँहरू बिरामी हुँदा उपचार नपाई अकालमा मर्थे, उपचारको निम्ति खर्च गर्दागर्दै कैयौँ चिनियाँ कङ्गाल हुन्थे। त्यही यथार्थले लु सुनलाई चिकित्साशास्त्र पढ्न उत्प्रेरित गऱ्यो। जापानमा विद्यार्थी रहेकै बेला एकदिन जापानी कलेजका एक शिक्षकले युद्धसम्बन्धी एउटा वृत्तचित्र देखाए। तिनताका जापान र रुसबिच युद्ध चलिरहेको थियो। वृत्तचित्रमा एकजना चिनियाँ युवकलाई जापानविरुद्ध रुसको पक्षमा जासुसी गरेको झूटो आरोपमा पाता फर्काएर पिट्दै गरेको देखाइएको थियो। तर, मोटाघाटा तथा बलियाबाङ्गा चिनियाँ युवाहरू जापानीहरूको त्यो अत्याचार हेरेर पेट मिचिमिची हाँसिरहेका थिए। यस्तो परचक्री ठाउँमा आफ्नो देशका मान्छे कुटिँदा पनि खित्का छाडेर कसरी हाँस्न सकेका ! त्यो दृश्यले लु सुनको मनमा भयङ्कर आँधी ल्याइदियो, उनको मन छियाछिया बनायो। यही नै लु सुनको जीवनको नयाँ मोडको आधारशिला बन्यो। उनले चिकित्साशास्त्र पढ्न छोडेर साहित्य लेखनलाई जीवनको उद्देश्य बनाए। डाक्टर बनेर केही बिरामीको उपचार गर्न सकिएला तर साहित्यको माध्यमबाट करोडौँ चिनियाँ जनतालाई मुक्त गर्न सकिन्छ भन्ने निधो गरे लु सुनले।

अनि लु सुनले लेखे, "पिछडिएका र निर्बल राष्ट्रका मानिसहरूको शरीर जतिसुकै बलियो र स्वस्थ किन नहोस्, तिनको उपयोग दण्ड दिनका लागि अथवा दण्ड दिएको रमिता हेर्नको लागि मात्र गरिँदो रहेछ ! यस्ता मानिसहरू रोगले आक्रान्त भएर मरे पनि त्यो दु:खदायी घटना हुँदैन। सबभन्दा महत्त्वपूर्ण कुरा त मानिसको भावनामा परिवर्तन ल्याउनु रहेछ ! यसका लागि सबैभन्दा उपयोगी साहित्य हुन्छ भन्ने मलाई लाग्यो।"

लु सुनको बारे चर्चा हुँदा 'आह क्युको साँचो कथा' र 'एक बौलाहाको डायरी' जस्ता अमर आख्यानको चर्चा प्राय: छुट्दैनथ्यो। युवा अवस्थामा आह क्युको चरित्र र कथाको भावको गहिराइमा पुग्न नसक्दा दिक्क पनि मानेको छु। अनेक अपमान, विफलता, हन्डर खाएको एक गाउँले सर्वहारा किसान थियो आह क्यु ! क्रान्तिको पहारिलो घाम पर्दापर्दै झूटो आरोपमा समातेर गोली ठोकी मारिएको मान्छे, आह क्यु ! आह क्युबारे माओ भन्छन्, "जीवनका विभिन्न पक्षमा हामी आह क्युवादीहरू पाउँछौँ, कहिलेकाहीँ हामी आफैँमा पनि आह क्युवादका केही लक्षण भेट्टाउँछौँ।"

**'युवाहरूको गीत' गाउँदा**

भक्तपुर नगरपालिकाले विक्रमको ४० को दशकको सुरुआततिरै याङ मोको 'युवाहरूको गीत' उपन्यास नेपाली भाषामा अनुवाद गरी प्रकाशित गऱ्यो। पहिलो भागमात्र प्रकाशित भएकोले उतिबेला 'युवाहरूको गीत' पढ्ने धोको पूरा भएन। धेरै वर्षपछि अङ्ग्रेजी भाषामा उपन्यास पढ्दाको मज्जा छुट्टै भयो।

सन् १९३१ मा चीनमाथि जापानी उपनिवेशको नङ्ग्रा गाडिएपछि चिनियाँ जनतामा एकखालको हतासा एवम् सन्नाटा छाएको थियो। त्यसबेला कोमिन्ताङको सरकार थियो। कोमिन्ताङ जापानी उपनिवेशवादकै चाटुकारी गर्दै थियो। जनता चरम शोषणमा पिल्सिएका थिए। मातृभूमिको रक्षाको निम्ति देशभक्त युवाहरू जुर्मुराए।

'युवाहरूको गीत' का मुख्य पात्र लिन ताओ चिङ तत्कालीन जागरुक युवाहरूको एक प्रतिनिधि पात्र थिइन्। तत्कालीन चिनियाँ जनता स्वदेशी प्रतिक्रियावादीवर्ग र विदेशी साम्राज्यवादी शक्तिको पिल्साइमा परेका थिए। चिनियाँ युवाहरू दुवै प्रतिक्रयावादविरुद्ध सङ्घर्ष गर्दै थिए।

पेइचिङको एक जमिनदारबाट बलात् रखौटी बनाइएकी, अनेक प्रताडना झेल्दै गरेकी ताओ चिङकी आमाले आत्महत्या गरिन्। सौतेनी आमाले कुनै धनाढ्य पुरुषको हातमा बेच्न खोजेपछि ताओ चिङ घरबाट भागिन्। पेइचिङमै एक विद्यार्थीसँग ताओ चिङको विवाह भयो तर श्रीमान्‌को प्रतिगामी चरित्रको कारण त्यो सम्बन्ध लामो समयसम्म टिकेन। अनेक कठिनाइको सामना गर्दै ताओ चिङ कम्युनिस्ट पार्टीका कार्यकर्ताहरूको सङ्गतमा पुगिन्। भूमिगत जीवन, कारावास, जालीफटाहाहरूका अनेक लाञ्छना भोग्दै क्रान्तिकारी जीवनका कठिन परीक्षामा ताओ चिङ उत्तीर्ण भइन् र युवाहरूको 'रोल मोडल' बनिन्।

उपन्यासबारे याङ मोकै शब्द यस्ता थिए, "मिसिनगन र सङ्गीन, कारावास र यातना वा फाँसीसामु समेत एकरत्ती नदबी असङ्ख्य श्रेष्ठ तरुणहरू वैरीसँग दृढताका साथ लडे ! एकजना योद्धा ढल्थ्यो, अर्को एक जना उसको ठाउँमा खडा हुन्थ्यो ! देशको भविष्य उज्ज्वल छ भन्ने कुरामा ढुक्क हुँदै केही मानिस हाँसीहाँसी मरे, अरू धेरै मानिस ढालिएका मानिसहरूका रक्ताम्य पाइला टेक्दै अघि बढे ! यो उपन्यास एक तरुण बौद्धिकको समाजप्रति विद्रोहको हुङ्कार हो !" उपन्यासमा तत्कालीन चिनियाँ युवाहरूको चरित्र घामजत्तिकै छर्लङ्ग पारिएको छ।

उपन्यासकार याङ मोको शब्दमा व्यक्त 'प्रकाश अन्धकारभन्दा बलशाली हुन्छ, उच्चता नीचताभन्दा बलशाली हुन्छ, स्वार्थीपनमाथि नि:स्वार्थपनको र दु:खमाथि सुखको विजय हुन्छ' भन्ने भनाइ नै उपन्यासको सार हो। सन् १९५८ मा प्रकाशित 'युवाहरूको गीत' चिनियाँ बजारमा त 'बेस्ट सेलर' भयो नै, नेपाली युवामा पनि उत्तिकै चर्चित बन्यो। आज त्यस पुस्तकको चर्चा कमै हुन्छ तर त्यसको महत्त्व कम भएको छैन।

**'पर्वत पन्छाउने मूर्ख बुढो मान्छे' को आदर्श**

विक्रमको ४० र ५० कै दशकमा भक्तपुरका राजनीतिक सभाहरूमा किसानहरूले बुझ्ने भाषामा 'पर्वत पन्छाउने मूर्ख बुढो मान्छे' को एउटा चिनियाँ लोककथा भन्ने गरिन्थ्यो। कथासार यस्तो थियो - धेरै समय पहिले उत्तरी चीनमा बस्ने एकजना बुढो मानिसको घर दक्षिणी मोहडाको थियो तर दैलो अगाडि ताइहाङ र वाङवु नाम गरेका दुईवटा ठूल्ठूला पर्वतहरू बाटो छेकेर उभिएका थिए। त्यसैले, तिनले आफ्ना दुई छोराहरू साथ लिएर ती दुवै पर्वतलाई भत्काउने दृढतासाथ पहाड खन्न सुरु गरे। तर, गाउँका मानिस खिसीट्युरी गर्दै भन्थे, "तिमीहरू यो कस्तो मूर्ख काम गर्दै छौ ? तिमीहरू यति थोरैले यी दुईवटा ठूल्ठूला पर्वत खनिसक्न बिलकुलै असम्भव छ।" बुढो मान्छेले जवाफ दिन्थे, "म मरेँ भने मेरा छोराहरूले यो काम जारी राख्नेछन्, तिनी मरेपछि तिनका छोराहरूले र त्यसपछि तिनका नातिहरूले अनि नातिहरूपछि तिनका छोरानातिहरूले यसैगरी अनन्तसम्म यो काम जारी राख्नेछन्। अहिले जतिसुकै अग्ला भए पनि यी पर्वतहरू यहाँभन्दा बढ्न सक्दैनन् र हामी जति खन्दै जानेछौँ, यी त्यति नै होचा हुँदै जानेछन्। हामी यिनलाई पन्छाउन किन सक्दैनौँ ?" बुद्धिमान बुढो र छोराहरू आफ्नो काममा निरन्तर लागिरहे। अन्तमा 'ईश्वर' खुसी भए र 'देवदूत' हरूले ती दुई पर्वतलाई पिठ्यूँमा बोकेर अन्तै सारिदिए।

चिनियाँ प्रगतिशीलहरूले यो लोककथामा नयाँ विश्लेषण थपिदिए। चिनियाँ जनता साम्राज्यवाद र सामन्तवादजस्ता दुई ठूला पर्वतले थिचिएका थिए। चिनियाँ कम्युनिस्ट पार्टीले ती दुई पर्वत पन्छाउने सङ्कल्प गऱ्यो। चिकपाको निम्ति चिनियाँ जनता नै 'ईश्वर' थिए। अन्तमा चिनियाँ जनताले जापानी उपनिवेशवाद र स्वदेशी प्रतिक्रियावादी शक्तिलाई परास्त गरे। यस्ता कथाले चिनियाँ ग्रामीण जनताको परिवर्तनको आशाको दियो बालिरह्यो।

**येनान गोष्ठीमा माओ**

हाम्रो युवाकालमा साहित्य गोष्ठीहरूको आयोजना हामी आफैँले गर्न थाल्दाको सम्झनाको कुरा। त्यतिबेला नेमकिपाका अध्यक्ष रोहितले 'साहित्य र कलासम्बन्धी येनान गोष्ठीमा माओको विचार' पढ्न भन्नुभएको सम्झना छ। जापानी उपनिवेशवादविरुद्धको लडाइँमा साहित्यको योगदान कस्तो हुनसक्छ भन्ने सिलसिलामा माओले एउटा ऐतिहासिक प्रवचन दिनुभएको थियो, सन् १९४२ ताका। साहित्यले क्रान्तिको सेवा गर्नुपर्छ भन्ने माओको भनाइ थियो। बन्दुकले मात्र क्रान्ति सम्पन्न गर्न सकिन्न, कलमवीरहरू पनि उत्तिकै सक्रिय हुनुपर्छ भन्ने माओको विचार थियो। यसै सिलसिलामा लु सुनले 'क्रान्तिकालको साहित्य' शीर्षकको निबन्धमा लेख्नुभयो, "क्रान्तिकारीहरूले जब स्वयम् लेख्न थाल्नेछन् अनि मात्र क्रान्तिकारी साहित्य लेख्न सकिनेछ।" माओले जस्तै अध्यक्ष रोहित सम्झाउनुहुन्थ्यो, "साहित्य राजनीतिको हतियार हो", "साहित्यले लाखौँ जनताको सेवा गर्नुपर्छ", आदि। 'चिनियाँ आकाशमा रातो तारा' लेख्ने अमेरिकी पत्रकार एड्गर स्नो, अन्तर्राष्ट्रवादी भावनाअनुसार युद्ध चिकित्सकको रूपमा चिनियाँ क्रान्तिको सेवा गर्ने क्यानाडेली डाक्टर नर्मन बेथुन, भारतीय चिकित्सक कोटनिस, युद्ध जारी हुँदा भूमिगत अवस्थामा माओको अन्तर्वार्ता लिएर विश्वमा प्रचार गर्ने अर्का अमेरिकी पत्रकार अन्ना लुइसस्ट्रङ्ग आदिले नेपाली युवालाई माओ त्सेतुङको जस्तो साहस, गम्भीर चिन्तन, त्याग, समर्पण र बलिदानी भावना सिकाउँछ। यही भावना सिक्नु नै माओप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ।



**अध्यक्ष माओ त्सेतुङको जन्मजयन्तीको सन्दर्भमा अध्यक्ष माओको स्मृति भवन अगाडि मानिसको भिड**

अध्यक्ष माओ त्सेतुङको १३० औं जन्मजयन्तीको सन्दर्भमा देशका विभिन्न स्थानबाट आएका सर्वसाधारण थेन आन मन चोकस्थित अध्यक्ष माओको स्मृति भवनको अवलोकन गर्न बसिरहेका छन् । उनीहरूले महान् व्यक्तिको सम्झना गर्ने गरेका छन् ।

*तस्बिर : सीआरआई*

# चीनले मित्रता, इमानदारी, पारस्परिक हित र समावेशीताको अवधारणालाई सक्रियतापूर्वक कार्यान्वयन गर्ने

पेइचिङ, २६ डिसेम्बर (सीआरआई) । डिसेम्बर २६ मा चिनियाँ परराष्ट्र मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा एक पत्रकारले सोधे : केही समयअघि चिनियाँ राष्ट्राध्यक्ष सी चिनफिङले भियतनामको राजकीय भ्रमण गर्नुभएको थियो ।

यस वर्ष चिनियाँ राष्ट्राध्यक्षको कूटनीतिको समापन र महत्त्वपूर्ण अभ्यास हो यो । चीनले छिमेकी मुलुकसँगको मैत्री, इमानदारी, पारस्परिक लाभ र समावेशीताको कूटनीतिक अवधारणालाई कसरी अगाडि बढाउने छ र छिमेकी मुलुकसँगको मैत्रीपूर्ण सहयोग सुदृढ गर्ने छ ?

यसप्रति प्रवक्ता माओ निङले जवाफ दिँदै भन्नु भएअनुसार यस वर्ष मित्रता, इमानदारी, पारस्परिक हित र समावेशीताको छिमेकी कूटनीतिको अवधारणाको १० औं वार्षिकोत्सव हो ।

विगत १० वर्षमा चीनले यो महत्त्वपूर्ण अवधारणालाई सक्रियताका साथ लागु गरेको छ र सधैँ छिमेकीहरूलाई आफ्नो समग्र कूटनीतिमा राखेको छ । सी चिनफिङको विचार कूटनीतिको मार्गनिर्देशनमा चीनले इमानदारी, पारस्परिक लाभ र समावेशीताको अवधारणालाई सक्रियरूपमा अभ्यास गर्ने छ र छिमेकी राष्ट्रहरूसँगको मित्रतापूर्ण सहयोग र हितहरूको एकीकरणलाई गहिरो बनाउने छ । चिनियाँ शैलीको आधुनिकीकरणले थप छिमेकी राष्ट्रहरूलाई फाइदा पुर्‍याउन र एसियामा आधुनिकीकरण प्रक्रियालाई संयुक्तरूपमा प्रवर्द्धन गर्ने छ ।

# ‘डिजिटल अर्थतन्त्रद्वारा साझा समृद्धिलाई प्रवर्द्धन गर्ने कदम’ सार्वजनिक

पेइचिङ, २६ डिसेम्बर (सीआरआई) । चीनको राष्ट्रिय विकास तथा सुधार समिति तथा राष्ट्रिय तथ्याङ्क व्यूरोले संयुक्तरूपमा हालै ‘डिजिटल अर्थतन्त्रद्वारा साझा समृद्धिलाई प्रवर्द्धन गर्ने कदम’ सार्वजनिक गरेको छ । यी कदमले डिजिटल प्रविधि र वास्तविक अर्थतन्त्रलाई गहिरोरूपमा जोडेर डिजिटल तरिकामार्फत असन्तुलित र अपूर्ण विकास समस्याको समाधान गरी समग्र नागरिकलाई डिजिटल युगको विकास मौकाको अनुभव गराउने तथा उच्च गुणस्तरीय विकासमा साझा समुद्धिलाई साकार तुल्याउन शक्ति दिने छ ।

उक्त कदम योजनामा प्रस्तुत गरिएका कदम मुख्यत: डिजिटल पूर्वाधारको निर्माणलाई अघि बढाउने, ग्रामिण क्षेत्रमा डिजिटलको निर्माणलाई अघि बढाएर गाउँमा डिजिटल शासन स्तरलाई उकास्ने, डिजिटल शिक्षा स्रोतको प्रवर्द्धन गर्ने, दूर चिकित्सा सेवा दिने, वृद्धवृद्धालाई सेवा दिने डिजिटल स्तरलाई उकास्ने छ ।

# आँधीका कारण १ लाखभन्दा बढी घर बिजुलीविहीन

सिड्नी, २६ डिसेम्बर (सिन्ह्वा) । अस्ट्रेलियाको क्वीन्सल्यान्ड राज्यको दक्षिणपूर्वी भागमा क्रिसमसको रातमा भीषण आँधीसहित चट्याङ आउँदा ठूलो दुर्घटना निम्तिएको छ । चट्याङका कारण एक महिलाको मृत्यु भएको छ । सातै आँधीबाट १ लाख २० हजारभन्दा बढी घरहरू बिजुलीविहीन भएको स्थानीय सञ्चारमाध्यमले मङ्गलबार उल्लेख गरेका छन् ।

स्थानीय अखबार ‘द कुरियर-मेल’ का अनुसार सडकमा हिँड्दै गर्दा रुख ढलेपछि गोल्ड कोस्ट सहरको उपनगर हेलेन्सभेलमा ५० वर्षकी महिलाको मृत्यु भएको थियो ।

गोल्ड कोस्ट, सिनिक रिम र लोगानमा आँधीको प्रभावले लगभग एक लाख २७ हजार घरहरू बिजुलीविहीन भएको अखबारले उल्लेख गरेको छ ।

स्थानीय बिजुली कम्पनीका कर्मचारीहरूले आँधीले क्षति पुगेका आठ सय ७५ वटा बिजुली लाइनहरू मर्मत कार्य भइरहेको बताएका छन् । क्वीन्सल्याण्डमा विनाशकारी आँधीबेहरीले ध्वस्त पारेको बिजुली केही दिनसम्म बन्द हुन सक्ने बताइएको छ ।

मङ्गलबार दिउँसो अर्को आँधीबेहरी आउन सक्ने चेतावनी जारी गरिएको छ । उपनगरहरूले असिना पर्न सक्ने भन्दै दक्षिण पूर्व क्वीन्सल्याण्ड क्षेत्र प्रतिकूल मौसमबाट पीडित हुन सक्ने सूचना जारी गरेको छ ।

प्रतिकूल मौसमका कारण यस वर्षको क्रिसमसको अवधिमा पूर्वी अस्ट्रेलियामा विनाशकारी आँधी आउने सम्भावना रहेको अस्ट्रेलियाको एबीसी न्युज प्रसारकले शनिबार जनाएको छ ।

# श्रीलङ्काले विदेशमा रहेका ३० जना अपराधीलाई पक्राउ गरी स्वदेश फिर्ता गर्ने

कोलम्बो, २६ डिसेम्बर (सिन्ह्वा) । श्रीलङ्काले विदेशमा कार्यरत ३० श्रीलङ्काली अपराधीलाई पक्राउ गरी स्वदेश फिर्ता गर्ने भएको छ ।

श्रीलङ्काका सार्वजनिक सुरक्षा मन्त्री तिरन एलेसले मङ्गलबार देशले बाहिरबाट ३० जना श्रीलङ्काली आपराधिक व्यक्तिहरूलाई गिरफ्तार गरी स्वदेश फिर्ता गर्न अभियान सुरु गरेको बताउनुभएको छ ।

यी अपराधीमध्ये २९ जना दुबई, संयुक्त अरब इमिरेट्स (युएई) र एक जना फ्रान्समा रहेको मन्त्रीले पत्रकारहरूलाई जानकारी गराउनुभएको छ ।

श्रीलङ्का सरकारले यी अपराधीहरूलाई पक्राउ गर्न ‘रेड नोटिस’ प्राप्त गरेको र हाल युएई र फ्रान्ससँग छलफल गरिरहेको उहाँले बताउनुभएको छ ।

मन्त्रीका अनुसार अपराधीहरूले विगत केही दशकअघि श्रीलङ्का छोडेका थिए । श्रीलङ्कामा रहँदा पनि उनीहरू सङ्गठित अपराधमा संलग्न रहेको अनुसन्धानले देखाएको छ ।

# ‘लानछाङ च्याङ-मेकोङ नदी मुलुकहरूको अन्तर्देशीय आर्थिक सहयोगको पञ्चवर्षीय विकास योजना’ सार्वजनिक

पेइचिङ, २६ डिसेम्बर (सीआरआई) । चीनको वाणिज्य मन्त्रालयले कम्बोडिया, लाओस, म्यान्मार, थाइल्याण्ड, भियतनाम गरी पाँच मुलुकको आर्थिक तथा व्यापारिक विभागहरूसँग ‘लानछाङ च्याङ-मेकोङ नदी मुलुकहरूको अन्तर्देशीय आर्थिक सहयोगको पञ्चवर्षीय विकास योजना २०२३-२०२७’ सार्वजनिक गरेको छ ।

चीनको वाणिज्य मन्त्रालयअन्तर्गत एशिया विभागका जिम्मेवार व्यक्तिका अनुसार, लानछाङ च्याङ-मेकोङ नदी मुलुकहरूको सहयोगले अन्तरक्रिया, व्यवसायका लागि सहयोग, अन्तर्देशीय आर्थिक सहयोग, जलस्रोत साधन, कृषि, गरिबी न्यूनीकरण गरी पाँचवटा क्षेत्र निश्चित गरेको छ ।

‘लानछाङ च्याङ-मेकोङ नदी मुलुकहरूको अन्तर्देशीय आर्थिक सहयोगको पञ्च वर्षीय विकास योजना २०२३-२०२७’ को उद्देश्य आर्थिक तथा व्यापारिक सहयोगलाई अगाडि बढाउने सम्बन्धमा लानछाङ च्याङ-मेकोङ नदी मुलुकहरूका नेताहरूद्वारा प्राप्त सहमतिलाई व्यवहारमा उतार्नु हो । उक्त योजना लानछाङ च्याङ-मेकोङ नदी मुलुकहरूको आर्थिक तथा व्यापारिक सहयोगका लागि महत्त्वपूर्ण अर्थ बोकेको छ ।

## विश्व सङ्क्षेप

# युक्रेनद्वारा क्रिमियामा रुसी जहाज ध्वस्त

कीभ, २६ डिसेम्बर (एएफपी) । युक्रेनको वायुसेनाले मङ्गलबार उसले क्रिमिया प्राय:द्वीपमा ड्रोन बोकेको आशङ्कामा मस्कोको कीभविरुद्धको युद्धमा प्रयोग गरिएको रुसी जहाजलाई ध्वस्त पारेको बताएको छ ।

वायुसेनाको रणनीतिक उड्डयनले फिओडोसिया क्षेत्रमा रूसी सङ्घको ब्ल्याक सी फ्लीटको नोभोचेर्कस्क जहाजलाई क्रुज मिसाइलले आक्रमण गरेको युक्रेनले दाबी गरेको छ ।

फिओडोसिया रूसी नौसेनाको कब्जा गरिएको क्रिमियन प्राय:द्वीपस्थित आधासर शिविर हो ।

स्रोतले बताएअनुसार सो विमान रुसले युक्रेनका विरुद्ध नियमितरूपमा प्रयोग गर्ने इरानी विस्फोटक ड्रोनसँग सम्बद्ध रहेको आशङ्का गरिएको छ ।

वायुसेना कमान्डेन्ट माइकोला ओलेचचौकले फिओडोसियामा रहेको रुसी नौसैनिक आधारमा भएको ज्वलन्त विस्फोटको भिडियो पोस्ट गर्नुभएको छ ।

# नाइजेरियामा आक्रमण १६० जनाको मृत्यु

अबुजा, २६ डिसेम्बर (सिन्ह्वा) । मध्य नाइजेरियाका गाउँमा भएको शृङ्खलाबद्ध आक्रमणमा कम्तीमा १६० जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले सोमबार बताएका छन् ।

बोक्कोसस्थित स्थानीय सरकारी क्षेत्रको गाउँ मुसुमा गोठाला र किसानहरूबिच भएको झडपमा १६ जनाको मृत्यु भएको छ । बोक्कोस, पठार राज्यको स्थानीय सरकारका अनुसार कम्तीमा ११३ जनाको मृत्यु भएको पुष्टि भएको छ । झडपमा घाइते भएका ३०० भन्दा बढी व्यक्तिलाई बोक्कोस, जोसलगायतका अस्पतालमा सारिएको छ । स्थानीय रेडक्रसको अस्थायी टोलीले बोक्कोस क्षेत्रका १८ गाउँमा १०४ जनाको मृत्यु भएको उल्लेख गरेको छ । संसद्का सदस्य डिक्सन चोलोमका अनुसार बार्किन लाडी क्षेत्रका थुप्रै गाउँहरूमा कम्तीमा ५० जनाको मृत्यु भएको छ ।

यो घटना पठारमा गत मे महिना यताकै सबैभन्दा हिंस्रक घटना हो । सो घटनामा किसान र गोठालाबिचको झडपमा सयभन्दा बढीको मृत्यु भएको थियो । नियमितरूपमा हुँदै आएका सशस्त्र आक्रमणले नाइजेरियाको उत्तरी र मध्य क्षेत्रमा गम्भीर सुरक्षा खतरा बढेको छ ।

# रुस नियन्त्रित क्रिमियामा युक्रेनी आक्रमणमा १ जनाको मृत्यु, २ घाइते

मस्को, २६ डिसेम्बर (एएफपी) । रुस नियन्त्रित क्रिमियाली बन्दरगाह सहर फियोडोसियामा मङ्गलबार भएको युक्रेनी आक्रमणमा एक जनाको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएको सो क्षेत्रका गभर्नरले जानकारी दिनुभएको छ ।

“दुर्भाग्यवश, फिओडोसियामा शत्रुको आक्रमणमा परी एक जना व्यक्तिको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएका छन्,” सर्गेई अक्स्योनोभले टेलिग्राममा उल्लेख गर्नुभएको छ । आक्रमणबाट ६ वटा भवनहरू क्षतिग्रस्त भएको र त्यहाँका बासिन्दाहरूलाई अन्यत्र सारिएको जनाइएको छ ।

युक्रेनको वायुसेनाले मङ्गलबार मस्कोको कीभविरुद्धको युद्धमा ड्रोन बोकेको आशङ्कामा फिओडोसिया नजिकै रुसी जहाजलाई ध्वस्त पारेको बताएको छ ।

अक्स्योनोभले जनाएअनुसार, “बन्दरगाह क्षेत्र घेराबन्दी गरिएको छ ।”

युक्रेनले बारम्बार क्रिमियामा विशेषगरी रुसी सेनालाई लक्षित गरी हमला गरिरहेको छ ।

# पञ्जाबले सन् २०२३ मा १०० पाकिस्तानी ड्रोन खसाल्यो

पञ्जाब, २६ डिसेम्बर (एएनआई) । सीमा सुरक्षा बलले यस बर्ष लागुऔषध, हतियार र गोलाबारुद भारतीय भूमिमा तस्करी गर्न प्रयोग भएका १०० वटा पाकिस्तानी ड्रोनहरू खसालेको जनाएको छ ।

बीएसएफले भारतीय भूभागमा लागुऔषध र अन्य अवैध पदार्थको ढुवानीलाई रोक्नका लागि ‘तीन-पक्षीय रणनीति’ बनाएको बताएको छ ।

सेनाहरूले ड्रोनमार्फत लागुऔषधको तस्करी गरिरहेका तस्करहरूलाई पक्रेका छन् ।

हमा पोस्टका अनुसार सन् २०२३ मा, बीएसएफ पञ्जाबले भारतमा लागुऔषध तथा गोलालाबारुद तस्करसहित एक सय वटा पाकिस्तानी ड्रोनहरू सफलतापूर्वक नष्ट गरेको छ ।


ड्रोन, लागुपदार्थ तथा हतियारलगायत, बीएसएफले तस्करहरूलाई पनि सफलतापूर्वक पक्राउ गरेको आफ्नो पोस्टमा उल्लेख गरेको छ । बीएसएफले लागुऔषध आपूर्तिमा कटौती गर्न तथा लागुऔषध दुरूपयोगविरुद्ध सचेतना बढाइ युवाहरूलाई सशक्त बनाउन तीन-पक्षीय रणनीति लागू गरेको छ ।

यसैबिच, बीएसएफले सोमबार अमृतसरमा ड्रोनमार्फत तस्करीको प्रयासलाई विफल पार्दै चार सय ३४ ग्राम हेरोइन बरामद गरेको जानकारी दिएको छ ।

अधिकारीहरूका अनुसार पाकिस्तानी ड्रोनले भारतीय हवाई क्षेत्रको उल्लङ्घन गरेपछि बीएसएफका जवानहरूले खोजी अभियान सुरु गरेका थिए ।

# जे.भी. स्तालिनको जीवनी - ७

✍ हरिबहादुर श्रेष्ठ



९ मार्च, १९५३ को दिउँसोको बाऱ्ह बजेको थियो। रूसी क्रान्तिको धुन बजिरहेको थियो। रूसका सारा मजदुर, किसान र क्रान्तिकारी जनता आफ्नो महान् राष्ट्रपिताको शोकमा डुबेका थिए। पार्टीको केन्द्रीय समितिका साथीहरूले आफ्ना महान् गुरूको भौतिक शरीरलाई समाधि मण्डपमा सजाए र आफ्ना महान् नेतालाई अन्तिम सलामी चढाए। सोभियत कम्युनिस्ट पार्टीले आफ्नो महान् सिद्धान्तकार, रणनीतिज्ञ, मार्क्सवादका उत्तराधिकारी र लेनिनवादका एक संस्थापकको अन्तिम सलामीमा घोषणा गऱ्यो, "स्तालिनको अमर नाउँ सोभियत जनता र सारा प्रगतिशील मानवजातिको हृदयमा सदा ताजा रहनेछ।"

हङ्गेरीका जनताले आफ्नो सहयोद्धा र मुक्तिदाता स्तालिनको सम्झना सदा ताजा राख्न उहाँको २० हात अग्लो सालिक मूर्तिमान गरे। चेकोस्लोभाकियाली जनताले पनि आफ्ना महान् अन्तराष्ट्रवादी सहयोद्धा र मुक्तिदाताको ५६ हात अग्लो सालिक प्रागको लिना पहाडमा स्थापना गरेर आफ्नो सम्मान व्यक्त गरे। संसारका सबै सर्वहारावर्ग, दलितपीडित र



विवेकशील जनताले शोकलाई बलमा फेरेर साम्राज्यवाद, नयाँ र पुरानो उपनिवेशवाद, शोषण, दमन र अत्याचारको विरोधमा सङ्घर्ष गर्ने सङ्कल्प गरे। संसारका सच्चा मार्क्सवादी-लेनिनवादीहरूले स्तालिनको शिक्षाअनुसार संशोधनवादको विरोधमा सङ्घर्ष गर्ने महान् झन्डालाई अझमाथि उचाल्ने प्रतिज्ञा गरे। नेपाली जनताले पनि स्तालिनको शोक सभा र प्रदर्शन गरी आफ्ना अन्तर्राष्ट्रवादी साथी र गुरूलाई अन्तिम सलामी चढाएका थिए।

**स्तालिनको व्यक्तित्व**

स्तालिनको जीवनकालमै पाब्लो नेरूदा, नाजिय हिक्मतजस्ता संसारका अनेक ठुला-ठुला कवि र गीतकारहरूले एक महान् सर्वहारा अन्तर्राष्ट्रवादी लडाकुको रूपमा स्तालिनको प्रशंसामा कविता र गीतहरू लेखेका थिए। संसारका थुप्रै लेखक र ग्रन्थकारहरूले पनि उहाँको प्रशंसामा थुप्रै लेख र किताबहरू लेखेका थिए। तर, उहाँ भने आफ्नो बढाई टक्कै गर्नु हुन्नथ्यो र लेनिनको जाज्वल्यमान प्रतिभाबारे बयान गर्नुहुन्थ्यो। एक जर्मनी लेखक इमिल लुडविगसँगको छलफलमा आफ्नोबारे स्तालिनले भन्नुभएको थियो, "म त लेनिनको शिष्यमात्रै हुँ र म उहाँको योग्य शिष्य बन्ने उद्देश्य राख्छु।" स्तालिनको नम्रताको यो एक उज्ज्वल उदाहरण हो। उहाँ साँचो अर्थमा मजदुरवर्गको असल शिष्य र महान् गुरु हुनुहुन्थ्यो। किसानवर्गका सहयोद्धा र उद्धारक हुनुहुन्थ्यो। आत्मप्रशंसा, घमण्ड, फाइँफूर्ति, नाउँ चलाउने वा प्रकाशमा आउनेजस्ता वैगुणलाई उहाँ आगोले पोलेको जत्तिकै पन्छाइ दिनुहुन्थ्यो। हाँसो मन पर्ने र विषयवस्तुमाथि गम्भीररूपले अध्ययन गर्ने उहाँको सरल स्वभाव थियो। नि:स्वार्थरूपले क्रान्तिको सेवा गर्ने उहाँ एक महान् आदर्श हुनुहुन्थ्यो। उहाँले आफ्नो जहानबच्चा, घरखेत, सम्पत्ति र स्वार्थ सबै क्रान्तिसँग गाँसी दिनुभएको थियो।

१९०४ जून महिनामा उहाँले एकातेरिना स्भानिद्जी नाउँ गरेकी एक सरल जार्जियाली केटीसँग बिहे गर्नुभएको थियो। उहाँ त्यसबेला २५ वर्षको तरुण हुनुहुन्थ्यो। स्भानिद्जी स्तालिनलाई साऱ्है माया गर्थिन्। तीन वर्षपछि अर्थात् १० अप्रिल १९०७ को दिन तिनी जाकोभ भन्ने एक छोरो छोडेर खसिन्। जाकोभ आफ्नै हजुरआमा (बज्यै) को हेरचाहमा हुर्क्यो। जाकोभ पछि सेनामा भर्ती भयो। हिटलरी जर्मनीसँगको देशभक्ति पूर्ण सङ्घर्षमा जाकोभलाई जर्मनी सेनाले बन्दी बनायो। भनिन्छ, हिटलर जाकोभलाई रुसमा बन्दी बनाइएका जर्मनी सिपाहीँहरूसँग साटफेर गर्न चाहन्थ्यो। तर, स्तालिनले आफ्नो छोरो वा व्यक्तिगत स्वार्थको निम्ति देशभक्तिपूर्ण सङ्घर्षमा आँच आउने त्यस्तो प्रस्तावलाई अस्वीकार गरिदिनुभयो।

१९१९ मार्च महिनामा स्तालिनले नादेज्दा आलिस्युइया भन्ने एउटी केटीसँग दोस्रो विवाह गर्नुभयो। त्यसबेला उहाँ ४० वर्षको हुनुहुन्थ्यो। नादेज्दा आलिस्युइया एक भर्खरकी तरुणी थिइन् र उनी स्तालिनकै जार्जियाली साथी सेर्गो आालिस्युइयाकी छोरी थिइन्। नादेज्दा आलिस्युइयाको कोखबाट १९१९-२० तिर छोरो भासिली र १९२५ मा छोरी स्वेतलाना जन्मे। छोरो भासिली पछि एक सैनिक अफिसर बन्यो र छोरी स्वेतलाना स्तालिनको मृत्युपछि विदेश लागिन्। १९३२ मा नादेज्दा आलिस्युइया खसिन्। तर, स्तालिनले क्रान्ति र पार्टीको सट्टा आफ्ना जहान बच्चा र घरखेतलाई अँगालेर बस्नुभएन। सिद्धान्तको ठाउँमा उहाँले नातालाई कहिले महत्त्व दिनुभएन। यस अर्थमा उहाँ निस्वार्थी भावनाको एक उदाहरण र मूर्ति हुनुहुन्थ्यो।

स्तालिन एक महान् लेनिनवादी हुनुहुन्थ्यो। मजदुर आन्दोलन, सैद्धान्तिक सङ्घर्ष, सशस्त्र सङ्घर्ष र समाजवादी निर्माणजस्ता सबै अग्निपरीक्षाबाट उहाँ खारिनुभएको थियो र देशभक्तिपूर्ण सङ्घर्षमा उहाँले एक समाजवादी देशलाई विजयसम्म पुऱ्याउनुभएको थियो। एक पछाडि परेको खेतीवाल देशलाई उहाँले अगाडि बढेको एक समाजवादी औद्योगिक देशमा फेरिदिनुभयो। बेलायतले ३ सय वर्ष लगाएर गरेको प्रगति, अमेरिकाले २ सय वर्ष लगाएर गरेको विकास र फ्रान्सले १५० वर्ष लगाएर हासिल गरेको ज्ञानलाई स्तालिनले ३०-४० वर्षभित्र गर्न सक्ने बनाइदिनुभयो। उहाँ क्रान्ति र समाजवादका शत्रुहरूलाई साऱ्है घृणा गर्नुहुन्थ्यो र सैद्धान्तिक वा व्यावहारिक हरेक सङ्घर्षमा उहाँ ज्यानको वास्तै नगरी मोहडामै बसेर बढ्नुहुन्थ्यो। सिद्धान्त र उद्देश्यप्रति अटल, व्यवहारमा साऱ्है परिपक्व, मजदुर, किसान र जनतासँग नङ र मासु जत्तिकै एक हुनसक्ने उहाँमा आश्चर्यजनक गुण थियो। अति उल्झिएको समस्याबारे समेत ठिक्क उपाय बताउन सक्ने, ठुलठुला आपत्तिको समयमा समेत नआत्तिई धैर्यपूर्वक काम गर्न सक्ने, जस्तोसुकै कष्ट भोग्न तयार रहने, रातदिन काम गर्न सक्ने र सङ्घर्षबाट नथाक्ने उहाँको गजबको स्वभाव थियो। सिद्धान्त, विदेश नीति, स्थानीय शासन, साहित्य, कला, सहकारी खेतीका आदर्श नियमहरू, लडाइँका सिद्धान्तहरू, ऐनकानुन, पत्रपत्रिका आदि सबै विषयमा उहाँले त्यतिकै राम्रोसँग कलम चलाउनु हुन्थ्यो। उहाँको काम गर्ने शक्ति, पार्टी र जनताप्रतिको विश्वास र भक्ति अपार थियो। जनतासँग उहाँ गुलाव जस्तै नरम हुनुहुन्थ्यो भने शत्रुसँग उहाँ बज्रभन्दा कठोर हुनुहुन्थ्यो। जिद्दी र एकोहोरोपन, घमण्ड र देखावटीपन, फलाको र उत्ताउलापनजस्ता वैगुणलाई उहाँ साऱ्है घृणा गर्नुहुन्थ्यो। हावादारी कुरा गर्ने रून्चे र डरछेरुवाहरूलाई उहाँ मन पराउनु हुन्नथ्यो।

सोभियत जनताको आँखामा स्तालिन वीरताको मूर्ति र देशभक्तिको उदाहरण हुनुहुन्थ्यो। जर्मन र जापानको आक्रमणको विरोधमा लड्दा सोभियत पैदल र जलसेना 'स्तालिन र देशको नाममा' लड्थे। स्तालिन रूसी सेनाको बल र साहसको प्रेरणा स्रोत हुनुहुन्थ्यो। मजदुर, किसान र बुद्धिजीवीहरू स्तालिनकै प्रेरणाबाट काम गर्थे। रूसका विभिन्न जनजातिका जनताले महान् नेता, गुरू, साथी र सेना नायकलाई सबभन्दा ठुलो प्यार र असीम भक्ति देखाउन आ-आफ्ना भाषामा स्तालिनबारे गीतहरू लेख्थे र गाउँथे। जनताको एक गीतमा भनिएको थियो, "हामी लेनिनकहाँ जस्तै स्तालिनकहाँ जान्छौँ, हामी लेनिनसँग जस्तै स्तालिनसँग कुरा गर्छौं। उहाँ भित्री हृदयका कुराहरू थाहा पाउनुहुन्थ्यो। उहाँले जीवनभर हाम्रो निम्ति काम गर्नुभयो।" सोभियत केटाकेटीको निम्ति खुसीको नाम नै स्तालिन थियो। लेनिन र स्तालिन हेर्नु नै तिनीहरूको सबभन्दा ठुलो इच्छा हुन्थ्यो। यसकारण, पार्टीमा भन्ने चलन थियो, "स्तालिन आजको लेनिन हुनुहुन्छ।" स्तालिनको नाम नै सोभियत समाजको वैचारिक र राजनैतिक एकताको प्रतीक थियो।

रूसी सर्वहारावर्ग र संसारका सबै प्रगतिशीलवर्गले स्तालिनलाई साऱ्है प्रेम र आदर गर्दै भने रूस र संसारका शोषक र प्रतिक्रियावादीहरूले स्तालिनलाई त्यत्तिकै विरोध गर्थे। वर्गसङ्घर्षको यो एक नियम हो। स्तालिन संसारमा अस्ताउनु भएपछि सोभियत कम्युनिस्ट पार्टी र सरकारमा घुसेका र लुकेका भूतप्रेत चोर-डाँकु, संशोधनवादी, विश्वासघाती र स्वार्थी तत्त्वहरू बाहिर निस्के। १९५६ को फेब्रुअरीमा भएको २० औँ पार्टी महाधिवेशनमा ठुलो सैद्धान्तिक सङ्घर्ष भयो। लेनिनले भन्नुभए जस्तै 'कुन वर्गले विजय पाउने हो' भन्ने कुरा टुङ्गिसकेको थिएन। सङ्घर्षमा शोषकवर्गका हिमायती संशोधनवादीहरूले जालझेल गरेर पार्टी र राज्यको शक्ति हत्याए। मार्क्सवादी-लेनिनवादी सिद्धान्त त्यागे र 'व्यक्तिपूजा' को नामले रूसी जनताका महान् नेता र विश्व सर्वहारावर्गका महान् गुरू स्तालिनलाई अपमान गरे। स्तालिनको विरोध गर्नु वास्तवमा मार्क्सवाद-लेनिनवाद, क्रान्ति र समाजवादको विरोध गर्नु थियो। संशोधनवादी धोखेबाजहरूको विरोधमा रूस र संसारका सच्चा मार्क्सवादी-लेनिनवादीहरूले स्तालिनको झन्डालाई अझ माथि उचाल्न थाले। चिनियाँ जनताको महान् नेता र सर्वहारा अन्तर्राष्ट्रवादका महान् सेनानी माओ त्सेतुङले रूसी संशोधनवादीहरूको विरोधमा मार्क्सवाद-लेनिनवादको क्रान्तिकारी परम्परा र पवित्रतालाई जोगाउने महान् सङ्घर्षको झन्डालाई अझ माथि उठाउने सङ्कल्प गर्नुभयो र सङ्घर्षलाई विजयतिर लैजानुभयो।

***समाप्त***

# कुँदिएको मनले नै उखु बुझाउँदै किसान

महोत्तरी, १० पुस। उखुको मूल्यमा मन कुँडाइरहेका जिल्लाका किसानले चिनी उद्योगलाई उखु दिन बाध्य भएका छन्। गौशाला-१ रामनगरस्थित एभरेष्ट सुगर एन्ड केमिकल इन्डष्ट्रिज (एभरेष्ट चिनी उद्योग) ले यसपालिको उखु क्रसिङ सुरु गरेपछि मूल्यमा चित्त नबुझे पनि किसानले उखु बुझाउन थालेका हुन्। गत शुक्रबार (६ पुस) उद्योगले उखु क्रसिङ सुरु गरेपछि अहिले आफ्नो उखु तौलको पालो पर्खेका किसानको लाम लागेको छ।

"मूल्य त चित्त बुझेको छैन नि, के गरौँ ? खुट्टी (दोस्रो वर्षको उत्पादन) उखु काटेर खेतमा अरू बाली लगाउन समय धेरै छैन, बुझाउनै पऱ्यो नि", उखु तौलका लागि उद्योगको ढोकामा पालो पर्खेर बस्नुभएका किसान अरूण गिरीले भन्नुभयो, "हामी (किसान) यति निरीह छौँ कि आफ्नो मेहनतको मूल्य तोक्न पनि उभ्याउँदैनौँ, जो तय हुन्छ, हामीले दिनुपर्छ।"

गत साता उखुको मूल्य प्रतिक्विन्टल रु. छ सय ३५ पाउने सरकारले निर्णय गरेलगत्तै किसान र किसानका प्रतिनिधि संस्थाले आफूहरूलाई समावेश नगराई सरकारले मूल्य तोकेको भन्दै चित्त दुखाएका थिए। "हामीले यसपालिको चिनीको मूल्य, खेती लागत (खनजोत, बीउ, मल, श्रम)को मूल्याङ्कन गरी प्रतिक्विन्टल रु. सात सय ५० पाउनुपर्ने माग गरेका थियौँ", उखु उत्पादक कृषक सङ्घका जिल्ला अध्यक्ष नरेश सिंह कुशवाहाले भन्नुभयो, "सरकारले हामीलाई नराखी उद्योगसँगको सल्लाहमा मूल्य निर्धारण गऱ्यो।"

दोस्रो वर्षको उत्पादन (खुट्टी) काटेर तत्काल अन्य बाली लगाउन पर्ने हुँदा मूल्य चित्त नबुझे पनि किसान उद्योगलाई उखु बुझाउन विवश हुनुपरेको उहाँको भनाइ थियो। सरकारले अहिले तोकेको रु. ६ सय ३५ मध्ये पाँच सय ६५ उखुको मूल्य र रु. ७० सरकारले दिने अनुदानबापतको रकम भन्ने स्पष्ट पारिएको छ।

मुडन (पहिलो वर्षको उत्पादन) उखु काट्न ढिलो नभइसके पनि खुट्टी उखुको खेत खाली गर्न अहिले किसानलाई भ्याइनभ्याइ छ। त्यसैले अहिले अरू बाली लगाउने समय नपुग्ने चिन्ताले किसान उखु बुझाउन हतारिएका हुन्। "पछि जे होला, जे पाइएला, खेत खाली गरेर अन्य बाली लगाउन ढिलो हुँदैछ, त्यसैले खुट्टी उखु बुझाउन हतार छ", गौशाला-१ का किसान चन्देश्वर महतोले भन्नुभयो, "सरकारले हाम्रो मर्का बुझेर मूल्य बढाइदिने आश मरेको छैन।" खुट्टी उखु भएको खेतबारी खाली गरेर पुस २२ भित्र गहुँ र दलहन लगाइसक्नुपर्ने बाध्यताले अहिले उखु बुझाउन किसानलाई हतार भएको हो।

गत शुक्रबार चिनी उत्पादन थालेको चिनी उद्योगले अहिले दैनिक २५ हजार क्विन्टल उखु क्रसिङ गर्दैछ। यसपालि गत वर्षभन्दा अलि ढिलो उखु क्रसिङ सुरु भएको हो। "हामी त मङ्सिर चौथो साता लाग्दै क्रसिङ थाल्ने तयारीमा थियौँ," उद्योगका महाप्रबन्धक सुरेन्द्र शर्माले भन्नुभयो, "तर किसान आन्दोलनले ढिलो भयो। यो ढिलाइले उद्योगको ढोकामै आइपुगेको करिब दुई हजार पाँच सय क्विन्टल उखु सुकेर नोक्सान भएको छ।"

अर्को यामका लागि उद्योगले ३० लाख क्विन्टल उखु क्रसिङ गरेर दुई लाख ७० हजार क्विन्टल चिनी उत्पादन गर्ने लक्ष्य लिएको छ। उद्योगको लक्ष्यअनुसार आवश्यक पर्ने उखुमध्ये १८ लाख क्विन्टल महोत्तरी जिल्लाबाट प्राप्त हुने महाप्रबन्धक शर्माले बताउनुभयो। यसैगरी अन्य अपुग उखु सर्लाही, धनुषा, रौतहट र बारा जिल्लाबाट लिइने भएको छ।

यसपालि उद्योगलाई आवश्यक पर्ने उखुमध्ये धेरैजसो उद्योगमै आउने हुने उद्योग प्रशासनले जनाएको छ। यसरी करिब २० लाख क्विन्टल उखु उद्योग गेटमा आउने र बाँकी दस लाख क्विन्टल महोत्तरी र सर्लाहीका ग्रामीण भेगमा सञ्चालित ३३ खरिद केन्द्रमार्फत आपूर्ति हुने उद्योगको अनुमान छ।

यसवर्ष गत वर्षभन्दा उखुको उत्पादन बढेको महाप्रबन्धक शर्माले बताउनुभयो। गत वर्ष उद्योगले २६ लाख ३० हजार सात सय ४७ क्विन्टल उखु क्रसिङ गरी दुई लाख ४२ हजार क्विन्टल चिनी उत्पादन गरेको थियो। यसपालि उखु चार लाख क्विन्टल बढेसँगै चिनी उत्पादन पनि बढ्ने भएको हो। महोत्तरीमा यसपालि आठ हजार किसानले सात हजार बिघामा उखु लगाएका प्रबन्धक विके यादवको भनाइ थियो।

एक दशक पहिले १८ हजार बिघासम्म पुगेको उखु खेती खस्कदै तीन वर्ष पहिले पाँच हजार बिघामा झरेको थियो। पछिल्ला दुई/तीन वर्षदेखि उखुको भुक्तानी सहज हुनथालेपछि फेरि यो खेती बढ्दै अहिले सात हजार बिघामा पुगेको छ। उद्योगले उखु तौल भएको एक साता नबित्दै भुक्तानी दिइने जनाएको छ। यद्यपि यसपालि मूल्यमा मन कुँडाएका किसानले सरकारले केही मूल्य बढाइदिने आश भने मारेका छैनन्।

***(रासस)***

## हार्दिक समवेदना



जन्म: १९८९/०५/०५
स्वर्गारोहण : २०८०/०९/०८

यस संस्थाका लेखा सुपरिवेक्षक समितिका सदस्य कृष्णराम तमखुका पूजनीय आमा तथा संस्थाका ज्येष्ठ सदस्य **कृष्णमाया तमखु**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामनाका साथ यस दु:खद घडीमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**शरद बचत तथा ऋण सहकारी संस्था लि.**
जगाती, भक्तपुर

# आँखा अस्पतालको सेवा अझ सहज र भरपर्दो होस्

– मेरिना शाक्य

भक्तपुर नगरपालिकाको व्यवस्थापन र तिलगंगा आँखा अस्पतालको प्राविधिक सहयोगमा सञ्चालित ख्वप तिलगंगा आँखा अस्पताल ख्वप अस्पतालको प्राङ्गणमा सञ्चालन भइरहेको छ । सामुदायिक आँखा केन्द्रको रूपमा सञ्चालित उक्त केन्द्र पनि अस्पतालको रूपमा सञ्चालन भइरहेको छ । वि.सं. २०६३ (सन् २००६) देखि सञ्चालन भइरहेको यस आँखा अस्पतालमा हालसम्म ३ लाख ३७ हजार ९ सय २० जना आँखाका बिरामीले सेवा पाएको अस्पताल स्रोतले जनाएको छ ।

उक्त अस्पताल मङ्सिर १ देखि माघ मसान्तसम्म पहिलो सिफ्ट बिहान ८ बजेदेखि ११:३०, दोस्रो सिफ्ट १२ बजेदेखि १ बजे र तेस्रो सिफ्ट २ बजेदेखि ४ बजेसम्म सञ्चालन हुने बुझिएको छ । आँखा अस्पतालले बिरामीहरूको उपचार सेवा शुल्क निर्धारण गरेको छ । प्राप्त जानकारीअनुसार सेवा शुल्क निम्नानुसार निर्धारण गरिएको छ ।

दर्ता शुल्क रु. ८० ।-
पुरानो दर्ता शुल्क रु. ५० ।-
सन्ध्याकालीन सेवा शुल्क रु. २५० ।-
इमर्जेन्सी शुल्क रु. १०० ।-
पर्दाको फोटो खिचेको शुल्क रु. ५०० ।-
जलबिन्दु जाँच गरेको सेवा शुल्क रु. १००० ।-
मोतिबिन्दुको शल्यक्रिया शुल्क रु. ५००० ।-
मोतिबिन्दुको शल्यक्रिया (Phaco with foldable lens) रु. ९००० ।-
Yag Laser रु. १००० ।-
Green Laser रु. २००० ।-
आँखामा मासु पलाएको शल्यक्रिया रु. ४००० ।-

ख्वप तिलगंगा आँखा अस्पतालले पाँच वर्षको अवधिमा २९ हजार ७ सय ९४ जनाको सेवा गरिसकेको छ ।

अस्पतालबाट प्राप्त जानकारीअनुसार सन् २०१९ मा २४०, सन् २०२० मा ९४ जना, सन् २०२१ मा २८६ जना, सन् २०२२ मा ५२३ र २०२३ मा ८ सय ३६ जना बिरामीको शल्यक्रिया भइसकेको छ ।

उक्त आँखा अस्पतालले विद्यालय विद्यालयमा पनि आँखाका बिरामीहरूको परीक्षण गराउन शिक्षक र शिक्षिकाहरूलाई सामान्य तालिम दिइसकेको छ । हालसम्म सो अस्पतालले मध्यपुरमा १७ जना, सूर्यविनायकमा २२ जना र भक्तपुरमा ५५ जना शिक्षकलाई तालिम दिइसकेको छ । तालिम प्राप्त शिक्षक-शिक्षिकाहरूले आफूले प्राप्त गरेको तालिमको आधारमा आँखाका बिरामीहरूको सामान्य परीक्षण गर्न सक्ने अस्पताल प्रशासनले जनाएको छ ।

विद्यालय-विद्यालयमा आँखा परीक्षण सेवा पुऱ्याउन सके यसले धेरै सहयोग पुऱ्याउनेछ । आँखा अस्पतालको संयोजनमा विद्यालयबाहेक टोल-टोलमा पनि उपचार सेवा पुऱ्याउन सके आँखा बिरामीहरूको ठूलो सेवा हुनेमा शङ्का छैन । यो सेवालाई अझ व्यापक बनाउनुपर्ने माग स्थानीय जनताको छ । यस्तै सेवा समुदायमा आधारित सहकारी संस्थामा पनि पुऱ्याउनुपर्ने आवश्यकता छ । आँखा बिरामीहरूको सेवा सहज र व्यापक बनाउन उक्त तिलगंगा आँखा अस्पताल ख्वप अस्पतालको नयाँ भवनबाट छिट्टै नै सञ्चालन हुने बताइएको छ ।

ख्वप तिलगंगा आँखा अस्पतालले हालसम्म गरेको प्रगति विवरणमात्र होइन, यस अवधिमा के कस्ता कमजोरी भए, ती कमी कमजोरी हल गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

आँखाजस्तो संवेदनशील अङ्गको उपचारमा नेपाल सरकारले पनि आवश्यक सहयोग गर्नुपर्ने देखिन्छ । सहयोगी दातृ निकाय या संस्थाहरूको सहयोग रोकेपछि आँखा उपचार सेवा बन्द हुने स्थितिमा पुऱ्याउनु हुँदैन । आँखा बिरामीहरूको सेवा सहज, भरपर्दो, विश्वासिलो बनाउन आँखा अस्पतालमा आबद्ध सबै व्यक्तित्वहरूमा सेवाको भावना हुनुपर्छ । आँखाको परीक्षण ठीक भएन भने आँखाको उचित स्याहार नभई झन् बिग्रिने सम्भावना हुन्छ । यसतर्फ आँखा अस्पताल सचेत हुनुपर्ने देखिन्छ ।

समस्याग्रस्त...

आधारित सुलभ ढङ्गले सेवा प्रवाह भएको छ । बितेको एक वर्षमा मालपोत कार्यालय हरिवन र भूमिसुधार तथा मालमोत कार्यालय जलेश्वरको तथा नापी कार्यालय रङ्गेली, हरिवन, बुटवल र मनाङको भवन निर्माण सम्पन्न भएको छ । भूउपयोग जग्गा नीति कार्यान्वयनको क्रम अघि बढेपछि कृषिक्षेत्र जग्गा संरक्षणमा उल्लेखनीय योगदान भएको छ । पछिल्लो कार्यनीति पारित भएँगै सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्य व्यवस्थित हुने मन्त्रालयको अपेक्षा छ ।

त्यसैगरी भूमि व्यवस्थापन र नापनक्साको काम पनि प्रशिक्षण केन्द्रले विभिन्न विश्वविद्यालयँगको सहकार्यमा दक्ष जनशक्ति उत्पादनलाई निरन्तरता दिएको छ । गरिबी निवारणसम्बन्धी कार्यक्रम स्थानीय तहलाई हस्तान्तरण गरी गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण भइरहेको छ । यसैक्रममा राज्यबाट प्रदान गरिने सेवामा पहुँच सुनिश्चित गर्न २३ जिल्लाका दुई लाख २३ हजार तीन सय ३० परिवारलाई गरिब परिचयपत्र वितरण गरिएको छ । मन्त्रालयकाअनुसार थप दुई लाख ७१ हजार चार सय ६० परिवारलाई गरिबको सूचीमा समावेश गर्ने प्रक्रिया अघि जारी छ ।

यसैबिच उच्चस्तरीय सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०७९ को प्रतिवेदन क्रमशः कार्यान्वयन हुने क्रममा रहेको बताइएको छ । सरकारले पछिल्लो समय समस्याग्रस्त सहकारी व्यवस्थापन कार्य तीव्ररूपमा अघि बढाएको छ । अर्को व्यवस्था नभएसम्म नगरपालिकालाई कार्यक्षेत्र बनाई बचत तथा ऋणको कारोबार गर्न सङ्घ, प्रदेश र स्थानीय तहबाट कुनै पनि प्रकृतिको सहकारी दर्ता, कार्यक्षेत्र विस्तार र सेवा केन्द्रको स्वीकृतमा रोक लगाइएको छ । केही सहकारीलाई समस्यायग्रस्त घोषणा गरी संस्थाको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी गर्न समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमार्फत कारबाही अघि बढाइएको छभने समस्याग्रस्त सहकारीलाई आगामी चैत मसान्तभित्र बचत फिर्ता गर्नेगरी कार्ययोजना पेस गर्न निर्देशन दिइएको छ । **(रासस)**


## हार्दिक समवेदना



जन्म
२०११/०१/२८

निधन
२०८०/०८/२८

यस विद्यालयका शिक्षिका यमुना श्रेष्ठकी सासूआमा **सुन्दरी कासुला**को असामयिक निधन भएको आज १४ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा विद्यालय परिवार हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**बासु माध्यमिक विद्यालय**
कालिघाट,ब्यासी-२, भक्तपुर



## चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्यावाट बचन


- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारीरीक व्यायमलाई निरन्तरता दिऔं,
- दम, हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गरौं,
- चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह बमोजिम गरौं

जाडोको जोखिमबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



# हार्दिक समवेदना



जन्म
१९९४/०१/१५

निधन
२०८०/०९/०४

**काशीबहादुर त्वानाबासु**

हाम्रा सहृदयी मित्र दशराम त्वानाबासुका पूजनीय पिता काशीबहादुर त्वानाबासु ब्रम्हलीन हुनुभएकोमा गहिरो दु:खद प्रकट गर्दै दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली र शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

## साथीहरू

डा. राजुभाइ त्यात
नारायणप्रसाद ह्यौंमिखा
बालकृष्ण साँद
बिमल राजचल
रोशनप्रसाद लवजू
अजयन्द्रकुमार लघू
निर्जन दुवाल
राजेश साँद

ई. कृष्णभक्त दुवाल
ई. संजयकुमार कवां
डा. रविभूषण सुवाल
डा. विक्रम बासुकला
ई. पुष्कर सुवाल
ई. अमितकुमार बासुकला
ई. उलाष आषिस कोजु
ई. प्रकाश खाइजू
ई. प्रेमकृष्ण कर्माचार्य

कृष्णप्रसाद दुवाल
मोहनप्रसाद कोजू
रामकृष्ण छुस्याबाग
न्हुछेराम अवाल
सीताराम अवाल
उत्तम प्रजापति
जयराम लवजू
रमेश कुसी

रमेशप्रसाद लवजू
राजनप्रसाद लवजू
राजाराम लवजू
जनकप्रसाद न्याइच्याई
राजन खोतेजा
श्याम लाखेमरू
ई. शिवराम तुईतुई
डा. डिवंगर खोतेजा
ई. श्यामसुन्दर कवां


प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा